“साना किसानको समृद्धि: कृषिको रुपान्तरण र उद्यमशीलताको विकास”

साना किसान

वर्ष २१, पूर्णाङ्क २६

द्वैमासिक

"समृद्धिको यात्रामा साना किसान"

किसानको पौरख, प्राप्ति, उद्यम र उद्यमशिलता

Best Project Management Team Award for 2022
Rural Enterprise Financing Project



साना किसान लघुवित्त वित्तीय संस्थाका साझेदार सहकारीका सदस्य किसानहरुले सञ्चालन गरेको विभिन्न व्यवसायको झलक

गम्भीर बहादुर हाडा
सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

नेपालमा ग्रामीण तथा कृषि ऋणको अवस्था

सन्दर्भ : साना किसान विकास कार्यक्रम

पृष्ठ ३

✍ लिलाधर घिताल*

ग्रामीण अर्थतन्त्रको सुधार गर्दै गरिब साना किसानहरूको आर्थिक, सामाजिक र सचेतनाको क्षेत्रमा काम गरिरहेको ....

पृष्ठ ७

साना किसान विकास लघुवित्तलाई एडिबीको बेष्ट म्यानेजमेन्ट टिम अवार्ड प्राप्त

पृष्ठ ९

एडिबीको सहयोगमा नेपाल सरकारमार्फत साना किसान लघुवित्त वित्तीय संस्थाले कार्यान्वयन गर्दै आएको ग्रामीण उद्यम लगानी परियोजना परिचालन र यसबाट प्राप्त सकारात्मक परिणामलाई एडिबीले सर्वोत्कृष्ट अवार्ड प्रादान गरेको हो । ....

दीपा राना

पृष्ठ २४

दुवै खुट्टा गुमाएकी प्रबन्धक

जसको नेतृत्वमा १३ सय ५० बढी महिला एकीकृत हुँदै १९ करोडभन्दा बढी पुँजी परिचालन गरिरहेका छन् ।

प्रमुख सल्लाहकार
खेमबहादुर पाठक

संरक्षक
डा. शिवराम प्रसाद कोइराला

प्रधान सम्पादक
झलेन्द्र भट्टराई

सम्पादक
ईशा के.सी.

सञ्चार सल्लाहकार
संगम महत

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बबरमहल, काठमाडौँ, नेपाल
फोन नं.: ०१-५३२०५१३, ०१-५९०५६१२, ०१-४१११८९५
Email: info@skbbl.com.np

सम्पादकीय

सहकारी आन्दोलनले मागेको नयाँ दिशा

नेपालमा सन् २०२० को जनवरी २३ मा कोभिड संक्रमित पहिलो केस पत्ता लागेपछि एक किसिमको मनोवैज्ञानिक सन्त्रास छाउन थाल्यो। त्यसपछि नेपाल र विश्वमा नै पटक-पटक लामो अवधिसम्म भएको लकडाउन, त्यसले सिर्जना गरेको बेरोजगारी र मानवीय स्वभावमा आएको परिवर्तन समेतले अर्थतन्त्रमा मन्दिको अवस्था सिर्जना गऱ्यो।

क्रमश: विश्वव्यापी रुपमा अर्थतन्त्रमा सुस्तता आउनु, अचानक थाम्नै नसक्नेगरी आयात बढ्नु, बैदेशिक संचिति अभावका कारण श्रीलङ्का जस्तो अवस्था आउन नदिन वित्तीय र मौद्रिक व्यवस्थाहरु कसिलो बनाइनु आर्दिले अर्थतन्त्रको सिथिलता अझ बढाई तरलता अभावसम्मको अवस्थाको सुरुवात भयो।

यस्तै सन् २०२२ को फ्रेब्रुअरी २४ मा सुरु भएको रुस-युक्रेन युद्धको विश्वव्यापी असरले नेपाललाई नछुने कुरै भएन। यिनै विषम परिस्थितिको मारमा परेका जनतालाई लघुवित्त र सहकारी विरुद्ध गरिएका केही प्रचारबाजीहरुले असर पर्ने अवस्था बन्न गयो।

यसले खासगरी लघुवित्त र बचत एवम् ऋण कारोवार गर्ने सहकारी संस्थाहरुमा छिटफूट प्रभाव समेत पर्न थालेको देखिन्छ। गरिब, निमुखा, किसान, मजदुर आदिको आर्थिक एवम् सामाजिक सुरक्षका लागि नै सहकारीको उत्पती र विकास भएको इतिहास रहेको छ। सदस्यबाट, सदस्यकै लागि, सदस्यहरुले समूहिक समृद्धिको लागि सञ्चालन गरेको सहकारी व्यवस्थालाई बाहिर बसेर गुलेली चलाउनु भन्दा भित्र पसेर सम्हाल्नु सामाजिक अगुवाहरुको कर्तव्य हुन आउँछ।

तसर्थ कुनै असमझदारी वा अमुक सहकारीकर्मीको वेथिति विरुद्धको आक्रोशले आम सहकारीलाई डढेलो लागाउने वातावरण किमार्थ बन्न दिनु हुँदैन। सहकारीकर्मीहरुले संस्थागत सुशासन र सदस्यहरुको हितलाई केन्द्रमा राख्न सकिदैन भने सक्षम नेतृत्वलाई तत्काल जिम्मा लगाई पदीय जिम्मेवारीबाट अलग हुनु सम्पूर्ण सदस्य र सहकारी अभियानको लागि श्रेयस्कर हुन्छ।

सहकारी संस्थालाई निजी व्यवसाय र स्वार्थ अनुकुल चलाउने प्रवृतिलाई सुधार्न नसक्ने हो भने सहकारी आन्दोलन गम्भिर संङ्कटमा पर्ने देखिन्छ। तसर्थ, सम्पूर्ण सहकारीकर्मी एवम् सदस्यहरुले विगतलाई समिक्षा र वर्तमानको मूल्याक्तन गरी आगमी दिनका लागि प्रभावकारी कार्य योजना बनाउन आजै देखि लाग्नुको विकल्प छैन।

साना किसान विकास लघुवित्तलाई एडिबीको बेष्ट म्यानेजमेन्ट टिम अवार्ड प्राप्त

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले एडिबीले प्रदान गर्ने बेष्ट म्यानेजमेन्ट टिम अवार्ड प्राप्त गरेको छ।

एडिबीको सहयोगमा नेपाल सरकारमार्फत साना किसान लघुवित्त वित्तीय संस्थाले कार्यान्वयन गर्दै आएको ग्रामीण उद्यम लगानी परियोजना परिचालन र यसबाट प्राप्त सकारात्मक परिणामलाई एडिबीले सर्वोत्कृष्ट अवार्ड प्रादान गरेको हो।

अर्थ मन्त्रालय र एसियाली विकास बैंकले संयुक्त रूपमा आयोजना गरेको 'country portfolio review meeting' का अवसरमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई उक्त अवार्ड प्रदान गरिएको थियो। लघुवित्तले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्नुहुँदै संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले अवार्डले संस्थाको गरिमा बढाउनुका साथै थप जिम्मेवारी प्रदान गरेको बताउनुभयो। लघुवित्तको सेवा देशका १० लाख ७९ हजारको परिवारमा पुगेको र अबको १० वर्ष पछि २२ लाख परिवारको घरमा लघुवित्तको सेवा पुऱ्याउने लक्ष्य रहेको कोइरालाले बताउनुभयो।

पत्रकार सम्मेलनमा प्रमुख कार्यकारी अधिकृत कोइरालाले अर्थ मन्त्रालय र संस्थाबीच २०७७ वैशाखमा भएको सम्झौताबमोजिम ५ करोड अमेरिकी डलर राशीको यस ऋण परियोजनाले नेपालका मझौला तथा साना किसान उद्यमीको

सुलभ कर्जामा पहुँच सुनिश्चितता गरी कृषि उद्यम विकासमा प्रभावकारी परिणाम दिएको दाबी गर्नुभयो।

५ वर्ष अवधि रहेको यस परियोजना कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई २ अर्ब ३० करोड रकम लगानी भइसकेको छ।

यसैबीच पत्रकार सम्मेलनमा युवा उद्यमशीलताको विषयमा पत्रकारले सोधेको प्रश्नको जवाफ दिनुहुँदै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले साना किसान विकास लघुवित्त वित्तीय संस्थाले प्रत्येक नेपालीको भान्सामा साना किसानका उत्पादनहरू पुऱ्याउने लक्ष्यका साथ काम गरिरहेको बताउनुभएको छ।

संस्थाले कृषिमा युवाहरूलाई आकर्षित गरी कृषि जनशक्तिको दक्षता अभिवृद्धिमार्फत प्रत्येक नेपालीको भान्सामा साना किसानका उत्पादनहरू लक्ष्य लिइएको प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले स्पष्ट पार्नुभयो।

यस्तै कृषिको यान्त्रिकीकरण, व्यावसायीकरण, मूल्य शृङ्खला अभिवृद्धि, कृषिका लागि आवश्यक प्रविधि, वित्त र अनुदान सेवा प्रदान गर्नेसमेत उहाँले बताउनुभयो।

यसअघि पनि साना किसान विकास लघुवित्त वित्तीय संस्था विश्व बैंक अन्तर्गतको Consultative Group To Assist The poor र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषबाट सन् २००३ मा पुरस्कृत भएको थियो। उक्त ५० हजार अमेरिकी डलर राशिको पुरस्कार रकमलाई अक्षय कोषमा राखी सो को परिचालनबाट अनुशरण कार्यक्रम सञ्चालन गराई थप विपन्न वर्गलाई लघुवित्त सेवाको पहुँचमा ल्याउने कार्य संस्थाबाट हुँदै आएको डा. कोइरालाले जानकारी दिनुभयो। त्यस्तै, सन् २०१४ को 2nd Newbiz Business Conclave and Award–1014 को Best Managed Microfinance Company Of The Year बाट संस्था सम्मानित भएको थियो। नेपाल सरकार अर्थ मन्त्रालय र एसियाली विकास बैङ्कले सन् २०२० मा कोभिडको संकटकालीन अवस्थामा पनि ग्रामीण उद्यम लगानी परियोजना प्रभावकारी रूपमा कार्यान्वयन गरेवापत सम्मानस्वरूप प्रमाणपत्र प्रदान गरेको छ।

नेपालमा ग्रामीण तथा कृषि ऋणको अवस्था

सन्दर्भ : साना किसान विकास कार्यक्रम

गम्भीर बहादुर हाडा
सह-प्राध्यापक, अर्थशास्त्र
भक्तपुर बहुमुखी क्याम्पस

परिचय

देशको समष्टिगत आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्र अधिकांश जनताको जीवनयापनको साधन रहेको छ। नेपालको परिप्रेक्ष्यमा आय तथा रोजगारी अभिवृद्धिको प्रमुख आधार र कूल गार्हस्थ उत्पादनको प्रमुख स्रोतको रूपमा कृषि नै रहेको छ। नेपालमा ६० प्रतिशत मानिसहरू कृषि व्यवसायमा लागेका छन् । आर्थिक विकासको प्रारम्भिक चरणमै रहेको नेपाल जस्तो मुलुकमा कृषि क्षेत्रको विकास भएमा नै आम जनताको आयमा वृद्धि भई औद्योगिक क्षेत्र तथा गैरकृषि क्षेत्रको लागि आन्तरिक बजार विस्तार हुने हुँदा पनि कृष क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिनु जरुरी देखिन्छ। कृषि क्षेत्रमा रहेको अल्प विकसितताको चक्र समाप्त गर्नसमेत यस क्षेत्रको बजारमुखी विकास र व्यावसायिकरण गर्नु आवश्यक छ । निर्यात प्रवर्द्धन, औद्योगिक विकास तथा रोजगारीका अवसरहरूको अभिवृद्धिमा यस क्षेत्रले उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्र (कृषि, वन र मस्यपालन) को योगदान क्रमश :घट्दै गएको छ। आर्थिक वर्ष २०७८ ७९ मा यस क्षेत्रको योगदान २३.९ प्रतिशत रहने अनुमान छ । नेपाल श्रमशक्ति सर्वेक्षणअनुसार कृषि क्षेत्रमा आबद्ध जनसंख्या सन् २००८ मा ७३.९ प्रतिशत रहेकोमा सन् २०१८ मा ६०.४ प्रतिशत रहेको छ । उच्च पहाडी जिल्लाहरू मुस्ताङ, मनाङमा स्याउको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि गर्न उच्च घनत्वको बगैचा स्थापनाका लागि उत्पादनलाई प्राविधिक मापदण्ड उपलब्ध गराइएको छ । जुम्लामा स्याउको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्याउको उच्च घनत्वको बगैंचा स्थापनाका लागि जुम्ला जिल्लाको स्याउ बगैंचा स्थापना तथा सञ्चालन मापदण्डसमेत लागू गरिएको छ।

कुल गार्हस्थ उत्पादनमा २७.७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसंख्या आबद्ध रहेको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मुख्य क्षेत्र हो। कृषि क्षेत्रलाई नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा लिइएको छ । संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरेको छ। यसै तथ्यलाई मध्यनजर गर्दै खाद्यान्न फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत प्रबन्ध गरिएको छ । देशलाई खाद्यान्नमा आत्मनिर्भर तुल्याउन र अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा उल्लेख्य लगानी बढाउनु आवश्यक छ। नेपालमा २६,४१,००० हेक्टर कृषियोग्य जमिन रहेको, जसमध्ये १४,७३,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । कूल कृषियोग्य जमिनको ३३ प्रतिशत जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ । कृषि गणना २०६८ अनुसार नेपालमा ३८,३१,००० कृषक परिवार रहेका छन्। नेपालको कुल जनसंख्याको करिब ७४ प्रतिशत जनसंख्या कषि पेसामा आबद्ध रहेका छन् । (स्रोतः नेपाल परिचय, परिमार्जित द शौं संस्करण : २०७९ असार, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग, पेज नं. १८२)।

जमिन, जमिनमाथिको स्वामित्व, जमिनको उपयोग र उत्पादकत्व कृषिका अभिन्न मानकहरू हुन् । नेपालको कुल क्षेत्रफलको करिब २८% (४१,२०,२७१ हेक्टर) कृषियोग्य जमिन छ -विश्व बैंक, २०१८) यसमध्ये २५,२५,६३९.२ हेक्टर मात्रामा कृषि कार्यहरू भएको तथ्यांक छ -कृषि गणना, २०११/२०१२)। राम्रो पक्ष के छ भने कृषि भइरहेको जमिनमध्ये करिब ८८% (२२,२९,०११ हेक्टर) जमिनमाथि किसानहरू स्वयम्को स्वामित्व रहेको छ। नेपालको कुल परिवार संख्याको करिब ५३% परिवारसँग १ हेक्टरभन्दा कम जमिनको स्वामित्व रहेको छ । यी परवारसँग कृषियेग्य जमिनको ४३ प्रतिशत मात्र हिस्सा रहेको छ।

नेपालजस्तो अविकसित मुलुकमा ग्रामीण जनताका आर्थिक आवश्यकता

पूरा गर्नको लागि हालसम्म पनि ग्रामीण साहु महाजनहरू र व्यक्तिसँग पनि ऋण लिने गर्ने गरेको पाइन्छ । गाउँका साहु महाजनहरूसँग कसरी ऋण लिने गर्दछन् र अहिलेसम्म पनि यस्ता असंगठित स्रोतहरूको कति आवश्यकता रहेको छ भन्ने कुरा निम्न शीर्षकहरूबाट थाहा पाउन सकिन्छ :

१. असंगठित संस्थाहरूले सामान्यतः सरकार तथा सरकारी क्षेत्रबाट तोकिएको अधिकारीबाट लगानीका लागि स्वीकृति लिएका हुँदैनन् । यस्ता स्रोतहरूले उद्देश्यमूलक लगानी गर्दैनन् ।

२. असंगठित स्रोतहरूले सामान्यतः विश्वासमा लगानी गर्दछन् । उनीहरूलाई विश्वास लागेको व्यक्तिलाई स्वाभाविक रूपमा ऋण उपलब्ध गराउँदछन् । असंगठित स्रोतको ब्याजदरमा व्यापक असमानता रहन्छ ।

३. असंगठित तथा गाउँका साहु महाजनबाट ऋण प्राप्त गर्नका लागि खास किसिमको प्रक्रियाको आवश्यकता पर्दैन । सामान्य सरसल्लाह तथा समझदारीमा सहजै ऋण उपलब्ध गराउँदछन् ।

४. गाउँका साहु महाजन सजिला स्रोत बन्छन् र उनीहरूले जुनसुकै प्रयोजनको लागि पनि बिनाहिचकिचाहट ऋण दिन्छन् । किसानहरू यस्ता स्रोतले सामाजिक कार्यका लागि पनि ऋण उपलब्ध गराइदिने हुँदा यस्ता स्रोतमाथि निर्भर रहेका छन् । तर साहु महाजनले विश्वासमा ऋण दिन्छन् ।

५. कतिपय ठाउँका ग्रामीण कृषकहरूले त संगठित संस्थासमक्ष पुग्न केही दिनको यात्रा नै गर्नुपर्दछ । यस्तो अवस्थामा उनीहरू संगठित स्रोतबाट ऋण लिन असमर्थ हुन्छन् । बाध्यतावश अन्ततः गाउँकै साहु महाजनका शरणमा पुग्न बाध्य हुन्छन् । उनीहरूले विश्वासमाा तत्कालै ऋण उपलब्ध गराउने हुँदा संगठित स्रोतको तुलनामा सरल मानिन्छन् ।

६. साहु महाजनबाट ऋण लिँदा समझदारीअनुसार गोप्यता रहन्छ । तर संगठित संस्थाहरूले ऋण दिएको तथा व्यक्तिहरूले लिएको कुरा गोप्य रहँदैन । यस्ता संस्थाहरूबाट ऋण लिँदा सबैले थाहा पाउँदछन् भन्ने भावनाले गर्दा कतिपय मानिसहरू साहु महाजनकैमा जान्छन् ।

२० देखि ३० वर्ष उमेर समूहका कम्तीमा १२ कक्षा पास गरेका साना किसान सदस्यका ३१६२ जना छोरोछोरीलाई इजलरायलमा कृषिषसम्बन्धी सैद्धान्तिक र व्यवहारिक तालिमको अवसर प्रदान गरिएको छ ।

७. साहु महाजनसँग लिएको ऋण भुक्तानी गर्न संगठित संस्थाहरूको तुलनामा सजिलो हुन्छ । अन्न, पशु, फलफूल, खेतबारी तथा कतिपय सन्दर्भमा सेवा उपलब्ध गराई साहु महाजनको ऋण तिर्न सक्षम हुन्छ कि ऋण भुक्तानी गर्न सजिलो तथा बढी समय खर्च नहुने हुँदा ग्रामीण जनताहरू साहु महाजनसँग नै ऋण लिन चाहन्छन् ।

८. भौगोलिक क्षेत्रको आधारमा हेर्दा नेपालको हिमाली क्षेत्रमा संगठित संस्थामा ऋण लिनको लागि ग्रामीण जनताले बढी समय धाउनुपरेको देखिन्छ । यस समस्याले गर्दा मानिसहरू संस्थागत स्रोतको सट्टामा ग्रामीण क्षेत्रका साहु महाजन र व्यक्तिसँग नै ऋण लिएको देखिन आउँछ ।

९. साहु महाजनहरूलाई किसानहरूको बारेमा बढी जानकारी हुनु, कुनै पनि बेला ऋण दिने काम गर्दछन् । साहु महाजनको नियम ज्यादै सरल रहनु, साहु महाजनको काम गर्ने समय निर्धारित हुँदैन ।

१०. साहु महाजनहरू त्यसै गाउँको निवासी भएको हुनाले उनीहरूलाई किसानहरूको बारेमा बढी जानकारी हुन्छ । साहु महाजनहरूले धितो नलिएर पनि इमान्दार किसानहरूलाई कर्जा दिने काम गर्दछन् ।

११. साहु महाजनले ऋण दिँदा राम्रोसँग ध्यान दिएर ऋण नदिने हुँदा किसानहरूले आवश्यकताभन्दा बढी ऋण लिने गर्दछन् । यसले गर्दा किसानहरू बढी मात्रामा फजुल खर्चि हुने गर्दछन् । साहुमहाजनले ऋण दिँदा बढी ब्याज लिने गर्दछन् । कहिलेकाहीँ साहु महाजनहरूको ब्याजदर ५०% भन्दा पनि बढी हुन जान्छ । साहु महाजनले ऋण असुल गर्दा अशिक्षित र सोझासाझा किसानहरूसँग हिसाबकिताब गर्दा बढी बेइमानी पनि गर्दछन् ।

ग्रामीण कर्जाको महत्त्वहरू (Importance of Rural Credit)

ग्रामीण कर्जाको महत्त्वहरूलाई निम्न बुँदाहरूबाट प्रष्ट पार्न सकिन्छ :

बाली तथा पशु संरक्षण कार्यक्रम

कृषि विकास बैंकले विगत ३० वर्षदेखि कृषि र पशु सहकारी वा समूहमा आबद्ध साना कृषकहरूले पालेका पशु तथा लगायको खेतीबालीमा हुन सक्ने क्षति न्यूनीकरण गर्ने हेतुले पशु तथा बाली संरक्षण (बिमा) कार्यक्रम सञ्चालन गर्दै आएको छ। सोका लागि बैंकले कार्यविधि पनि बनाएको छ। वर्षेनी बढदै रहन्छ र सो रकम कृषक समूहले विभिन्न आयमूलक कार्यमा लगाउने गर्दछ। यो कार्यक्रम सञ्चालन गर्न हरेक वर्ष बैंकले नेपाल सरकारबाट बजेट प्राप्त गर्दछ। २०७६ असार मसान्तसम्म यस बैंकले गरेको यस्तो कार्यक्रमबाट निम्नानुसारको प्रगति हाँसिल गरेको छ।

बाली सुरक्षणतर्फ

१. हालसम्म ३५ जिल्लाका ३२४ कृषक समूह / सहकारी संलग्न भएका

२. ३५०६२ कृषकको ८५७२ हेक्टरमा लगाएको २ अर्ब ४८ करोड बराबरको बाली सुरक्षण भएको

३. प्रिमियमस्वरूप रु १८ करोड ५२ लाख अनुदान भुक्तानी भएको।

पशुधन सुरक्षणतर्फ

हालसम्म ४८ जिल्लाका २७६ कृषक समूह कृषक समूह सहकारी संलग्न भएका, रु ५ अर्ब ११ करोड बराबरको १६२३१२ पशुधन सुरक्षण भएको।

प्रिमियम स्वरूप रु १८ करोड ५२ लाख अनुदान भुक्तानी भएको।

ग्रामीण कर्जा सम्बन्धमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को भूमिका

नेपालमा वि.सं. २०३२/०३३ देखि सञ्चालित साना किसान विकास आयोजनाबाट सहकारीमा रूपान्तरित साना किसान सहकारी संस्थाहरूलाई ऋणपुँजीको व्यवस्था गर्न २०५८ सालमा तत्कालीन विकास बैंक ऐनअन्तर्गत साना किसान विकास बैंकको स्थापना भएको हो। बैंक तथा वित्तीय संस्था ऐन लागू भएपछि राष्ट्रियस्तरको "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको रूपमा यस वित्तीय संस्थाले सेवा प्रवाह गर्दै आएको छ। देशका ७६ जिल्लाका ५४२ स्थानीय तहमा कार्यरत १३०९ साझेदार सहकारीबाट ९ लाख ८७ हजार र अनुशरणका क्रममा रहेका थप १४७ सहकारीबाट ६० हजार गरी कुल १४५६ सहकारीमार्फत १० लाख ४७ हजार परिवारमा यस वित्तीय संस्थाको सेवा पुगेको छ। अहिले साना किसान विकास अभियानमा दलित ११%, जनजाति ३९% र अन्यको ५०% रहेको छ। लैङ्गिक सहभागीतातर्फ महिला ७९% र पुरुष सदस्यहरूको २१% प्रतिशत छ। यस वित्तीय संस्थाको जारी तथा चुक्ता पुँजी रु. १ अर्ब ५६ करोड ४४ लाखसहित कुल पुँजी कोष रु. ४ अर्ब १६ करोड पुगेको छ। वित्तीय संस्थाको सेयर पुँजीमा साना किसान कृषि सहकारी संस्थाहरूको हिस्सा ४४% छ। वित्तीय संस्थाका साझेदार सहकारी संस्थाहरूको आ.व. २०७८/२०७९ को अन्त्यमा लगानीमा रहेको कर्जा रु. ८५ अर्ब पुगेको छ। यसमा वित्तीय संस्थाको लगानी रु. ३० अर्ब २ करोड रहेको छ। आबद्ध संस्थाहरूले रु. ६१ अर्ब ५४ करोड बराबरीको आन्तरिक पुँजी निर्माण गरी परिचालन गरेका छन्।

२० देखि ३० वर्ष उमेर समूहका कम्तीमा १२ कक्षा पास गरेका साना किसान सदस्यका ३१६२ जना

छोराछोरीलाई इजलरायलमा कृषिसम्बन्धी सैद्धान्तिक र व्यावहारिक तालिमको अवसर प्रदान गरिएको छ। जसमध्ये ३१४५ जना तालिम लिई नेपाल फर्किएका छन्। बागमती प्रदेश सरकारको सहकार्यमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि रु १ अर्ब ६० करोड बराबरीको सहुलियतपूर्ण ऋण कार्यक्रम सञ्चालनमा छ। आर्थिक वर्ष २०७७/७८ देखि सुरु भएकोले यो कार्यक्रममा २०७८ फागुनसम्म रु १ अर्ब ७२ लाख लगानी भएको छ।

समस्या तथा चुनौतीहरू

नेपालको सबै क्षेत्रका बासिन्दाले ऋण प्राप्त गर्न सुलभ हुने किसिमले लघुकर्जासम्बन्धी संस्थाहरूको विकास तथा विस्तार हुन सकेको छैन। लघुवित्तमा बिनाधितो लगानी गर्नुपर्ने अवस्था रहेकाले वित्तीय साधनले सम्पन्न वाणिज्य बैंकहरू ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमै लगानी गर्न चाहन्छन्। यस अर्थमा कतिपय संस्थाहरूले लघुकर्जाले समेट्नुपर्ने कुरालाई नै उपेक्षा गरेको देखिन्छ।

लघुवित्त कार्यक्रमलाई सफल पार्नका लागि ग्रामीण समुदायका मानिसलाई सर्वप्रथम सुशिक्षित तथा अन्य सूचनामूलक उपायबाट ग्रामीण क्षेत्रमा जागरुकता ल्याउन सकिन्छ। यसका लागि खर्चको आवश्यकता पर्दछ। वित्तीय संस्थाले यस्ता कार्यक्रममा पर्याप्त मात्रामा खर्च गर्न नसक्नाले समग्र कार्यक्रमको उपलब्धिको आशा नै संकटमा परेको छ। लघुकर्जा बिनाधितोको हुन्छ । यसको असुली प्रभावकारी अनुगमनमा भर पर्दछ । तर नेपालमा यस क्षेत्रमा कार्यरत संस्थाहरूले प्रभावकारी रूपमा अनुगमन गर्न नसकेका कारण ऋण असुली सन्तोषजनक हुन सकिरहेको छैन ।

हाम्रो अर्गानिक उत्पादनको ठूलो बजार हामीमा नै छ । गुणस्तरीय उत्पादन र उपभोगबाट हामीले नै गणस्तरीय जीवन जिउन सक्छौं। हामीमा सकारात्मक सोच, जाँगर, लगनशीलता र श्रमको एवं किसानप्रति आदर एवं स्वाभिमानको कमी सबैभन्दा ठूलो चुनौती हो। हामीमा उद्यमशीलताको अभाव र जागिरे प्रवृत्ति सबैभन्दा चुनौतीपूर्ण छ। हामी परिणाममुखी नभई प्रक्रियामुखी छौं । त्यसैले हाम्रो लक्ष्यहरू तत्काल हासिल हुँदैनन्, भए पनि धेरै समय लाग्ने गरेको छ।

हामीमा इमान्दारीको कमी छ। राज्यले प्रदान गरेका सहुलियत एवं सुविधा लक्षित वर्गमा उपयोग होस् भन्नेतर्फ भन्दा पहुँच र प्रभावका भरमा प्राप्त गर्न सकियोस् भन्ने सोच हाबी छ। बत्तीमुनिको अँध्यारो भनेजस्तै हाम्रो अपार प्राकृतिक स्रोतको उपयोग कसरी गर्ने भन्नेमा हाम्रो ध्यान छैन । श्रम शक्ति विदेशिएर आर्जित रकममा हामी गर्व गर्दछौं।

हामी परिणाममुखी नभई प्रक्रियामुखी छौं । त्यसैले हाम्रो लक्ष्यहरू तत्काल हाँसिल हुँदैनन्, भए पनि धेरै समय लाग्ने गरेको छ। हामीमा इमान्दारीको कमी छ। राज्यले प्रदान गरेका सहुलियत एइवं सुविधा लक्षित वर्गमा उपयोग होसु भन्नेतर्फ भन्दा पहुँच र प्रभावका भरमा प्राप्त गर्न सकियोस् भन्ने सोच हावी छ। बत्तीमुनिको अँध्यारो भनेजस्तै हाम्रो अपार प्राकृतिक स्रोतको उपयोग कसरी गर्ने भन्नेमा हाम्रो ध्यान छैन। श्रम शक्ति विदेशिएर आर्जित रकममा हामी गर्व गर्दछौं। राज्यले प्रदान गरेको सहुलियतपूर्ण कर्जा उपयोग गरिसकेपछि यसको दुरूपयोग गर्ने, ऋण तिर्न आलटाल गर्ने र यो राज्यले मिनाह गरिदिन्छ भन्ने सोच आमनागरिकमा पाइन्छ।

सहायक ग्रन्थहरू

कृष्णप्रसाद लामिछाने, नेपालमा कृषि रूपान्तरणको अवस्था, सम्भावना र साना किसान विकास अभियानको संलग्नता, साना किसान (द्वैमासिक), २१ औं वर्ष प्रवेश विशेषाङ्क, २२ असार, २०७९, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. परिवार, बबरमहल, काठमाडौं, नेपाल।

नेपाल परिचय, परिमार्जित द शौं संस्करण : २०७९ असार, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग।

हिमप्रसाद न्यौपाने, नेपालमा कृषि कर्जाको विगतदेखि वर्तमानः अन्तरदेशीय अनुभव र शिक्षा, राष्ट्रिय वाणिज्य बैंक लि (उपहार), ५६ औं वार्षिकोत्सव, २०७७ ।

सम्पादक : झलेन्द्र भट्टराई, हरि मञ्जुश्री, साना किसान र लघुवित्त (साना किसान विकास बैंकको दस वर्ष विशेष), साना किसान विकास बैंक लि., काठमाडौं।

गम्भिर बहादुर हाडा, नेपालमा ग्रामीण ऋणको वर्तमान अवस्था र स्थिति–सुधारका उपायहरू, बैंकिङ्ग प्रवर्द्धन, वर्ष ११, अंक १, २०६२ आषाढ, पूर्णाङ्क २०, बैंकिङ्ग प्रवर्द्धन समिति, नेपाल राष्ट्र बैंक बालुवाटार, काठमाडौं, नेपाल।

गम्भिर बहादुर हाडा, नेपालमा साना किसान विकास आयोजना, नेपाल राष्ट्र बैंक समाचार, ३३ औं वार्षिकोत्सवको उपलक्ष्यमा वैशाख १४, २०४५, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं, नेपाल।

गम्भिर बहादुर हाडा, रोल अफ एग्रिकल्चरल क्रेडिट, दि राइजिङ नेपाल, जुन ११, सन् १९८६ ।

गम्भिर बहादुर हाडा, कृषि ऋणको सन्दर्भमा कृषि विकास बैंकको भूमिका, बैंक समाचार (मासिक), २०४० -फाल्गुन, कृषि विकास बैंक केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल।

गम्भिर बहादुर हाडा, कृषि ऋणको क्षेत्रमा साझाको भूमीका, साझा, आश्विन–कार्तिक, २०३८, साझा केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर, नेपाल।

गम्भिर बहादुर हाडा, कृषि ऋण एक परिचय, बैंकर्स प्रशिक्षण, वर्ष ७, माघ २, २०३७ चैत्र, अंक २७ बैंकर्स प्रशिक्षण केन्द्र, नेपाल राष्ट्र बैंक, थापाथली, काठमाडौं, नेपाल।

गम्भिर बहादुर हाडा, नेपालमा लघुवित्त तथा साना किसान विकास कार्यक्रमको अवस्था, समस्या र सुधारका पक्षहरू, साना किसान (द्वैमासिक), २१ औं वर्ष प्रवेश विशेषाङ्क, २२ असार, २०७९, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. परिवार, बबरमहल, काठमाडौं, नेपाल।

डा.नारायणनरसिंह खत्री, आर्थिक कारणले मात्रै मान्छे गरिब हुँदैन, सम्पादक : झलेन्द्र भट्टराई, हरि मञ्जुश्री, साना किसान र लघुवित्त (साना किसान विकास बैङ्कको दस वर्ष विशेष), साना किसान विकास बैङ्क लि., सुविधानगर, तीनकुने, काठमाडौं, नेपाल, प्रकाशनकाल : २२ असार, २०६८।

रमाकान्त शर्मा, नेपाली युवाका समस्या, युवा (YUWA), (युवा जगतको विकास र गतिविधिको प्रकाशन), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल, २०७९ ।

गम्भिर बहादुर हाडा, नेपालमा युवा जनशक्तिको अवस्था तथा परिचालनको आवश्यक्ता, समस्या र सुझावहरू, युवा ९थ्ध्ब्०, (युवा जगतको विकास र गतिविधिको प्रकाशन), नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल, २०७९ ।

साना किसान (द्वैमासिक), वर्ष १४, पूर्णाक २१, माघ-फागुन २०७६, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., बबरमहल, काठमाडौं,नेपाल।

आर्थिक सर्वेक्षण २०७८/७९, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१), नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं, नेपाल।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य, नेपाल सरकार, अर्थ मन्त्रालय, २०७९ ।

साना किसान कृषि सहकारी संस्थामा असल अभ्यासहरू

✍ लिलाधर धिताल*

ग्रामीण अर्थतन्त्रको सुधार गर्दै गरिब साना किसानहरूको आर्थिक, सामाजिक र सचेतनाको क्षेत्रमा काम गरिरहेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. ले प्रवर्द्धन गरेका साना किसान कृषि सहकारी र समान प्रकृतिका सहकारीहरूले संस्थागत दिगो विकासका लागि गर्ने अभ्यास उदाहरणीय रहेको छ। साना किसानहरूको संस्थागत संरचना, सञ्चालन विधि र प्रक्रियाले पनि यसको दिगोपना र सदस्यहरूको जीवन रूपान्तरणलाई सहयोग पुगेको विश्वास लिन सकिन्छ। नेपालका १३ सय भन्दा बढि साना किसान कृषि सहकारी मार्फत सेवा प्रवाह गरिरहेको लघुवित्तले संस्थाहरूको दिगो विकास, संस्थागत विकास, वित्तीय सुशासन, सदस्यहरूको आयआर्जनमा वृद्धि गर्ने, जीवन रूपान्तरण र सामाजिक सामुदायिक कार्यका लागि सहयोग गर्दै आएको छ। वि.स. २०३२ सालमा साना किसान कार्यक्रम मार्फत सुरु भएको साना किसान कार्यक्रम र अभियान आज फराकिलो र एक सफल कार्यक्रमका रूपमा अगाडि बढिरहेको छ। नेपालमा मात्र नभई विश्वका विभिन्न मुलुकमा नेपालको साना किसान कृषि सहकारीको संस्थागत तीन पाँग्रे संरचना सिक्नलायक भन्दै अभ्यास सुरु भएको छ। नेपालको गाउँका दुर्गम बस्तीहरूमा समेत आफ्नो सेवा विस्तार गरेको साना किसान विकास लघुवित्त वित्तीय संस्थाले गरिब किसानहरूको हितका लागि नेपाल सरकार र सरोकारवाला निकायहरूसँग साझेदारी समेत गर्दै आएको छ। युवा किसानहरूलाई उद्यमी बनाउने कार्यमा समेत यस संस्थाले काम गरिरहेको छ। संस्थागत दिगो विकास र संस्थाको दिगोपनाका लागि पनि सहकारीमा असल अभ्यास अपरिहार्य छ। अनुसाशनमा नरहेका संस्थाहरू अहिले पनि संकटमा रहेको हामीले देखेका छौं। सहकारीका मूल्य मान्यतासँगै साना किसान कृषि सहकारी संस्थाका आफ्नै सञ्चालनका पद्धति र विधिहरू रहेका छन्। जसले सहकारी संस्थासंगै सदस्यहरूको जीवनमा समेत सकारात्मक प्रभाव पार्न महत्त्वपूर्ण भूमिका खेलिरहेका छन्। सफल साना किसान सहकारी संस्थाहरूले अवलम्बन गरेको असल अभ्यासहरूले सबै संस्थाहरूलाई मार्ग दर्शन गर्ने भएकोले त्यस्ता असल अभ्यासलाई विभिन्न १३ बुँदामा वर्गीकरण गरी देहाय अनुसार प्रस्तुत गरिएको छ।

१. **संगठनतर्फ :**

१.१ **समूह क्रियाशील**

१.१.१ समूह बैठक नियमित,

१.१.२ समूह बचत नियमित (कम्तीमा प्रति सदस्य मासिक एक दिनको ज्याला बराबर),

१.१.३ कर्जा कारोबार नियमित,

१.१.४ समूह मिलान (संस्थाको कार्यक्षेत्रभित्र सदस्यले एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरेमा),

१.१.५ बैठकमा हुने गरेका छलफलका विषयहरू। जस्तै :

(क)अघिल्लो बैठकको समीक्षा, (ख) बचत वृद्धि सम्बन्धमा, (ग) नियमित कर्जा र ब्याज भुक्तानीसम्बन्धी, (घ) कर्जा मागसम्बन्धी,

१.२ **अन्तरसमूह क्रियाशील**

१.२.१ अन्तरसमूह बैठक नियमित,

१.२.२ अन्तर समूहको कार्य क्षेत्रमा सम्भाव्यताको आधारमा उत्पादन समूह, भण्डारण समूह, प्रशोधन

समूह, बजारीकरण समूहको गठन र क्रियाशील,

१.२.३ समूह निर्णयहरूको अध्ययन, छलफल र सञ्चालक समितिमा सिफारिस,

१.२.४ सञ्चालक समितिको निर्णयहरू कार्यान्वयनका लागि समूहमा सूचना प्रवाह,

१.२.५ सामाजिक सामुदायिक कार्यक्रममा सहभागिता।

१.३ सञ्चालक समिति क्रियाशील

१.२.१ सञ्चालक समिति बैठक नियमित र आवश्यकतानुसार थप बैठक बस्ने गरेको,

१.२.२ अन्तरसमूह तथा अन्य उपसमितिका निर्णयहरूको अध्ययन, छलफल र आवश्यक कारबाही,

१.१.३ बैठकमा हुने गरेका छलफलका विषयहरू। जस्तै :

१. अघिल्लो बैठकको समीक्षा, २. बजेट तथा कार्यक्रमको प्रगति समीक्षा, आन्तरिक स्रोत वृद्धि सम्बन्धमा, ४. कर्जा स्वीकृतिसम्बन्धी, ५. आगामी दिनमा गरिने कार्यक्रमसम्बन्धी,

१.२.४ सहकारी ऐन, नियमावली, प्रचलित नियम कानुन, सहकारी सिद्धान्त, मूल्य र मान्यता, संस्थाको विनियम तथा कार्यविधिहरूमा उल्लेख गरिएका सञ्चालक समितिले गर्नुपर्ने कार्यहरूको कार्यान्वयन,

१.२.५ संस्थामा नेतृत्वको उत्तराधिकारी व्यवस्था भएको।

२. लेखा सुपरिवेक्षण समिति क्रियाशील :

२.१ प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने व्यवस्था भएको,

२.२ ४/४ महिनाको आन्तरिक लेखापरीक्षण गरी सञ्चालक समितिलाई सुझाव दिने गरेको,

२.३ लेखासम्बन्धी प्रतिवेदन र सञ्चालक समितिको काम कारबाहीको सुपरिवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी साधारणसभामा पेस गर्ने गरेको,

२.४ बाह्य लेखापरीक्षकसँगको समन्वय।

३. जनशक्ति व्यवस्थापनतर्फ :

३.१ उपयुक्त कर्मचारी व्यवस्था,

३.२ कर्मचारी कार्य विभाजन र कार्यान्वयन,

३.३ कर्मचारीको वार्षिक कार्ययोजना र कार्यान्वयन तथा मूल्यांकन व्यवस्था,

३.४ कर्मचारीको कम्तीमा मासिक एउटा बैठक बसी संस्थाको समग्र मासिक प्रगति समीक्षा गर्ने गरेको,

३.५ संस्थामा कर्मचारीको उत्तराधिकारी ९कगअअभककयच एबिललष्लन० व्यवस्था भएको।

४. सदस्य विस्तार तथा समावेशीतर्फ :

४.१ एक घर एक सदस्य,

४.२ सम्भाव्यताको आधारमा प्रत्येक वर्ष प्रत्येक अन्तरसमूहस्तरमा कम्तीमा २ वटा समूह गठन,

४.३ समूह गठनमा विपन्न समुदाय र युवाहरूलाई प्राथमिकता,

४.४ संस्थाको कार्यक्षेत्रमा रहेका लक्षित कुल घरधुरीको ८०% घरधुरी समूहमा समावेश गरेर मात्र थप कार्यक्षेत्र विस्तार गर्ने गरेको,

४.५ महिला सहभागिता कम्तीमा ५०% भएको।

५. **आर्थिक कारोबार तथा वित्तीय सूचकतर्फ** :

५.१ कम्तीमा ६०% सदस्य (एकघर एक ऋणीको आधारमा) ले ऋण कारोबार गर्ने गरेका,

५.२ कुल लररको कम्तीमा ७५% भन्दा बढी देहायका शीर्षकहरूमा कर्जा लगानीमा रहेको

(क) कृषि तथा बागवानी, (ख) पशुपक्षीपालन, (ग) नवीकरणीय ऊर्जा (घ) उच्च मूल्यका बालीहरू र (ङ) स-साना ग्रामीण तथा घरेलु लघु उद्यम (माइक्रो इन्टरप्राइजेज) ।

५.३ मासिक ऋण असुली दर १००%,

५.४ वार्षिक ऋण सम्पत्ति (लरर) कम्तीमा १५% वृद्धि,

५.५ पुँजीकोष अनुपात १०% वा सोभन्दा बढी,

५.६ लररमा शिरोभार खर्च दर २.५% भन्दा कम,

५.७ लगानीमा रहेको ऋणमा बाह्य ऋण अनुपात ६०% वा सोभन्दा कम,

५.८ आयआर्जन नगर्ने सम्पत्ति ५% भन्दा कम,

५.९ कोषको अधिकतम प्रयोग,

५.१० संस्था नाफामा सञ्चालन,

५.११ पशुधन सुरक्षण कार्यक्रम सञ्चालन,

५.१२ पारदर्शिता,

५.१३ अन्य अनुकरणीय कार्यहरू ।

६. **संस्थागत सुशासनतर्फ** :

६.१ सञ्चालकको नियुक्तिसम्बन्धी निम्न सर्त पालना भएको :-

(क) प्रचलित नेपाल कानुनअनुसार संस्थाको सञ्चालक हुन अयोग्य नठहरिएको,

(ख) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार र निर्वाचित नभएको,

(ग) सञ्चालक समितिमा नियुक्तिको लागि बैंक तथा वित्तीय संस्थाबाट कालो सूचीमा नपरेको वा कालो सूचीमा परेको भएमा कालो सूचीबाट फुकुवा भएको मितिले ५ वर्ष पूरा भएको,

(घ) संस्थाको कर्मचारी आफू बहाल रहेको संस्थामा सञ्चालक नभएको,

(ङ) आफू सञ्चालक रहेको संस्थाबाट लिएको कर्जाको भाखा नघाएको व्यक्ति सञ्चालक पदमा नरहेको,

(च) माथि बुँदा नं. (क) देखि (ङ) को विपरित हुने गरी कुनै व्यक्ति सञ्चालक समितिमा बहाल रहेको भए सञ्चालक समितिले त्यस्तो सञ्चालकलाई २ महिनाभित्र हटाउने कुरामा संस्थाको तर्फबाट निर्णय भएको,

(छ) सञ्चालक समितिमा महिला सञ्चालक ३३ प्रतिशत वा सोभन्दा बढी भएको,

(ज) सुशासनको अवधारणाका लागि आत्मसात गर्दै संस्थाको सञ्चालक समितिका अध्यक्ष वा उपाध्यक्षको परिवारको व्यक्तिलाई सोही संस्थाको प्रमुख कर्मचारी (व्यवस्थापक/प्रबन्धक/मुख्य प्रबन्धक) को रूपमा प्रमुख कर्मचारी नियुक्ती नगरेको र त्यसै गरी संस्थाको प्रमुख कर्मचारी (व्यवस्थापक/प्रबन्धक/मुख्य प्रबन्धक) को परिवारका व्यक्ति सञ्चालक समितिको अध्यक्ष वा उपाध्यक्षमा उम्मेदवारी दिन वा निर्वाचित हुन वा मनोनीत हुन नपाइने कुराको पालना भएको ।

स्पष्टीकरण : परिवार भन्नाले एकाघरमा बसोबास गरी आएका वा छुट्टा भिन्न भएका पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाइ, तथा दिदीबहिनी सम्झनुपर्छ ।

६.२ संस्थाको विनियममा उल्लेख गरेको वा उल्ल्लेख नभएको भएमा पनि सञ्चालक समितिको निम्नानुसारको काम, कर्तव्य तथा उत्तरदायित्व रहने कुरामा संस्था मञ्जुर गर्दछ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तबमोजिम सहकारी संस्था सञ्चालन गर्ने गरेको,

(ख) सञ्चालक समितिले संस्थालाई दक्षतापूर्वक एवम् व्यावसायिक तरिकाले सञ्चालन गर्न उपयुक्त किसिमको कर्मचारी नियमावली तयार गरी लागू गरेको,

(ग) सञ्चालक समितिले संस्थाको हरहिसाबको नियामक निकायको मापदण्डभित्र रही नियमित रूपमा आन्तरिक लेखापरीक्षण, बाहृय लेखापरीक्षण तथा साधारणसभा अनिवार्य रूपमा गराउने व्यवस्था पालना भएको,

(घ) सञ्चालक समितिले वित्तीय स्रोत संकलन, कर्जा लगानी, सम्पत्ति तथा दायित्व व्यवस्थापन, बजेट, पुँजी योजना, कर्मचारी व्यवस्थापन, व्यवस्थापन सूचना प्रणाली आदि सम्बन्धमा उपयुक्त नीति वा कार्यनीति तर्जुमा गरी अनिवार्य रूपमा लागु गरेको,

(ङ) सञ्चालक समितिका सबै सदस्यहरूले प्रचलित कानुन र साना किसान लघुवित्त वित्तीय संस्थासँग भएको सम्झौता र सर्तहरू सम्बन्धमा पूर्ण जानकारी राख्ने गरेको । साथै, सञ्चालकहरूले प्रचलित कानुन र यस उक्त वित्तीय संस्थासँग भएका शर्त, सम्झौता, तमसुक, सुझाव एवम् नियमनकारी निकायहरूबाट प्राप्त नीति, निर्देशन, आदेश तथा शर्तहरू पालना भए/नभएको बारेमा समेत नियमित रूपमा अनुगमन गर्ने गरेको ।

६.३ सञ्चालकले निम्नानुसारका आचरण, जवाफदेहिता र उत्तरदायित्व पालना गर्ने कुरामा साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग सहमत भएको :-

(क) गरिबी निवारण, लघुवित्त क्षेत्रको विकास एवम् संस्थाको हित विपरीतका क्रियाकलापहरूमा संलग्न नभएको,

(ख) सञ्चालकले संस्थामार्फत वा संस्थाको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने कुनै काम नगरेको,

(ग) सञ्चालकले आफ्नो पदको दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापहरूमा संलग्न नभएको,

(घ) सञ्चालक पदाधिकारीको स्वघोषणा सहितको बायोडाटा अद्यावधिक गरी वा नयाँ सञ्चालक नियुक्त भएमा निजको समेत स्वघोषणा सहितको बायोडाटा एक महिनाभित्रमा वित्तीय संस्थामा पठाउने गरेको,

(ङ) कुनै व्यक्ति एकै समयमा एक मात्र प्रारम्भिक सहकारी संस्थाको सञ्चालक हुने गरेको ।

६.४ वित्तीय अनुशासनसम्बन्धी निम्न व्यवस्था संस्थालाई मान्य छ :-

(क) संस्थाका कर्मचारी तथा सञ्चालकहरूको नाममा एवम् निजहरूको एकाघर परिवारको नाममा संस्थामा बाँकी रहको कर्जाको नियमित रूपमा साना किसान विकास लघुवित्त वित्तीय संस्थामा विवरण पठाउने गरेको,

(ख) संस्थाका कर्मचारी तथा सञ्चालकहरूको नाममा एवम् निजहरूको एकाघर परिवारको नाममा कर्जा भाखा ननाघेको । कथंकदाचित भाखा नाघ्न गई तीन महिनाभित्रमा पनि त्यस्तो कर्जा असुल नगर्ने

कर्मचारी तथा पदाधिकारीहरू उक्त पदको लागि अयोग्य ठहर गरी बर्खास्त गर्ने कारबाही चलाइने संस्थाको नीति रहेको,

(ग) सञ्चालक, कर्मचारी र निजका एकाघर परिवारका सदस्यहरूको नाममा कर्जा प्रवाह भएमा सोको विवरण अनिवार्य रूपमा साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई प्रदान गर्ने कुरामा हाम्रो सहमति छ,

(घ) सञ्चालक, कर्मचारी र अन्य कुनै पनि सदस्यहरूको नाममा संस्थामा बेरुजु तथा एक महिनाभन्दा लामो अवधिको पेस्की बाँकी नभएको,

(ङ) संस्थाको स्वीकृत आर्थिक प्रशासनिक नीति, नियम, कार्यविधिहरूको उल्लंघन हुने गरी कुनै पनि कार्य गर्न/हुन नदिने जिम्मेवारी यो सञ्चालक समितिले पूर्ण रूपमा लिएको।

६.५ व्यवस्थापक/कार्यकारी प्रमुखको नियुक्तिसम्बन्धी व्यवस्था र कर्तव्य तथा उत्तरदायित्व सम्बन्धमा :

(क) साझेदार सहकारी संस्थाले साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग अनुसूची २.१.४ अनुसारको सम्झौता गरे पश्चात नियुक्त गर्दा देहायअनुसारको योग्यता पुगेको व्यक्तिलाई मात्र संस्थाको व्यवस्थापक/कार्यकारी प्रमुखको रूपमा नियुक्त हुने व्यवस्था मिलाउने छ :-

(१) कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा +२ उत्तीर्ण गरेको हुनुपर्ने,

(२) संस्थामा पूर्णकालीन सेवा प्रदान गर्न सक्ने,

(३) टाट पल्टेको, बेइमानी वा जालसाजी वा फौजदारी कसुरमा सजाय नपाएको,

(४) कालो सूचीमा समावेश नभएको वा कालो सूचीमा समावेश भएको त्यस्तो सूचीबाट फुकुवा भएको पाँच वर्ष पूरा भएको,

(५) प्रचलित कानुनबमोजिम अयोग्य नठहरिएको,

(ख) संस्थाले व्यवस्थापक/कार्यकारी प्रमुखको नियुक्ति गरी तोकिएको ढाँचामा स्वघोषणा सहितको बायोडाटा साना किसान लघुवित्त वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा पेस गर्ने गरेको,

(ग) संस्थाले माथि बुँदा (क) अनुसारको सम्झौताको परिधिबाहिर रही व्यवस्थापक/कार्यकारी प्रमुखको नियुक्ति गरेको भएमा सम्झौता (लिखत) लागु भएको मितिले एक वर्षभित्र त्यस्तो नियुक्तिलाई यस लिखतको दायराभित्र ल्याउने गरेको,

(घ) संस्थाले आफ्नो सञ्चालक समिति तथा अन्य कुनै पनि समिति वा उपसमितिमा भएको कुनै पनि खर्च र बैठक बस्दा हुने भत्ता एवम् सम्पूर्ण खर्चहरूको छुट्टै स्पष्ट अभिलेख राख्नेछ। सोको विवरण वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख गरी साधारणसभालाई जानकारी गराउने गरेको।

६.६ संस्थाले कर्मचारी आचारसंहिता बनाई लागू गर्नेछ। उक्त आचारसंहितामा न्यूनतम पनि देहाय अनुसारका बुँदाहरू समावेश गरेको हुनु पर्नेछ :-

(क) संस्थाको कुनै पनि कर्मचारीले आफू कार्यरत रहेको संस्थाको हितविपरीत हुने गरी कुनै काम कारबाही गर्ने नगरेको,

(ख) कर्मचारीले आफू कार्यरत संस्था बाहेक अन्य कार्यालयमा आंशिक ९एबचत त्৯भ० रूपमा काम गर्न वा अन्य व्यावसायिक गतिविधिमा संलग्न हुनुभन्दा पहिले संस्थाको सञ्चालक समितिबाट स्वीकृति लिई साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई समेत सो कुराको जानकारी गराउने गरेको,

(ग) कर्मचारीले आफ्नो पदको दुरूपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत फाइदा हुने क्रियाकलापमा

संलग्न नभएको,

(घ) संस्थाको लेखा सम्बन्धी अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरुस्त राख्ने गरेको, कर्मचारीले अनाधिकृत रूपमा लेखा, अभिलेख र कागजातमा व्यक्तिगत रूपमा थपघट गर्ने वा संशोधन गर्ने काम नगरेको,

(ङ) संस्थाका कर्मचारीहरूले समूह सदस्य तथा ऋणीसँग निष्पक्ष रही वित्तीय कारोबार गर्ने गरेको,

(च) आफू कर्मचारी रहेको संस्थाबाट भरसक कर्जा लिने नगरेको। संस्थाको नियमानुसार लिने व्यवस्था भएमा लिएको कर्जाको भाखा नघाउने नगरेको। र, यसरी लिएको कर्जाको विवरण संस्थाले साधारणसभाको वार्षिक प्रतिवेदनमा उल्लेख गर्ने गरेको।

(छ) संस्थाले आफ्ना कर्मचारीहरूले माथि लेखिए बमोजिमको कर्मचारी सम्बन्धी आचरण व्यवस्था स्वीकार गरेको विषयमा अभिलेख तयार गरी राख्ने गरेको। साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट हुने निरीक्षणको क्रममा निरीक्षण टोलीले माग गरेमा त्यस्तो अभिलेख देखाउने गरेको।

(ज) यस आचरण व्यवस्थामा तोकिएका आचरणहरूको अनिवार्य रूपमा पालना गर्ने गरेको। कुनै कर्मचारीले यस सम्झौता बमोजिमको आचारण पालना नगरेमा सो पालना नगरेको विवरण र निजमाथि गरिएको कारबाही सम्बन्धी विवरणको अभिलेख अनिवार्यरूपमा संस्थामा राख्ने गरेको।

(झ) त्यस्तो अभिलेख साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट हुने निरीक्षणको क्रममा निरीक्षकलाई र लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षकलाई उपलब्ध गराउने गरेको।

६.७ संस्थाले नियमानुसार पर्याप्त कर्जा जोखिम कोष व्यवस्था कायम गरेको।

६.८ नागरिक बडापत्र तयार गरी टाँसेको।

७. **नीति नियम तथा कार्यविधितर्फ** : संस्थामा विनियमका अतिरिक्त देहायका न्यूनतम कार्यविधिहरू तयार, अद्यावधिक र पालना हुनु पर्नेछ :-

७.१ आर्थिक प्रशासनिक कार्यविधि,

७.२ कर्मचारी सेवा सुविधा सम्बन्धी कार्यविधि,

७.३ कर्जा लगानी तथा असुली कार्यविधि,

७.४ बचत व्यवस्थापन कार्यविधि,

७.५ सम्पत्ति शुद्धीकरण कार्यविधि,

७.६ जोखिम व्यवस्थापन कार्यविधि,

७.७ अन्य आवश्यक कार्यविधिहरू।

८. **योजना, बजेट तथा कार्यक्रमतर्फ** : संस्थामा माथि उल्लिखित कार्यविधिका अतिरिक्त देहायको योजना अद्यावधिक, बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

८.१ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र समीक्षा।

८.२ त्रिवर्षीय व्यावसायिक योजना तर्जुमा, कार्यान्वयन र समीक्षा।

८.३ सदस्य सुरक्षाका योजना तर्जुमा, कार्यान्वयन र समीक्षा।

९. कृषि उद्यमसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरेको हुनु पर्नेछ :-

९.१ कृषि उत्पादन, कृषि उत्पादकत्वमा वृद्धि हुने सहकारी तथा सामूहिक खेती प्रणाली, कृषि उपजहरूको संकलन, भण्डारण, प्रशोधन, बजार व्यवस्था जस्ता कृषि मूल्य शृङ्खला कार्यक्रमहरू सञ्चालन,

९.२ संस्थागत राइस/तोरी मिल, मल/बिउ/औषधी व्यवस्था आदि ।

१०. **तालिम/गोष्ठीतर्फ** : संस्थाले नियमित गर्ने कार्यक्रमका अतिरिक्त सदस्यहरू, पदाधिकारीहरू र कर्मचारीहरूलाई देहायका कम्तीमा २ वटा तालिम/गोष्ठीहरू सञ्चालन गरेको हुनु पर्नेछ :-

१०.१ सहकारी शिक्षा तालिम,

१०.२ वित्तीय साक्षरता तालिम

१०.३ उद्यम विकास तालिम,

१०.४ सीप तथा आयमूलक तालिम,

१०.५ कर्मचारी, लेखा सुपरिवेक्षण समिति तथा सञ्चालकको क्षमता विकास तालिम,

१०.६ सूचना प्रविधिसँग सम्बन्धित तालिम,

१०.७ अन्य आवश्यक तालिमहरू ।

११. **सूचना तथा प्रविधितर्फ** :

११.१ संस्थाले सञ्चालन गरेका कार्यक्रमहरूको समयमा प्रगति तयार गरी सरोकारवालाहरू (शेयर सदस्य, कर्मचारी, लेखा सुपरिवेक्षण समिति, सञ्चालक समिति, वित्तीय सहयोग गर्ने निकाय र नियामक निकाय) लाई पठाउने गरेको वा जानकारी गर्ने गरेको,

११.२ संस्थाको वार्षिक प्रतिवेदन पुस्तिका तयार गर्ने गरेको,

११.३ आर्थिक कारोबार सफ्टवेयरबाट सञ्चालन, सदस्यलाई आधुनिक प्रविधिबाट वित्तीय सेवा सुविधा प्रदान गर्ने गरेको जस्ता आदि सदस्य केन्द्रित प्रविधि मैत्रीपूर्ण कार्य सञ्चालन गरेको ।

१२. **सामाजिक सामुदायिक विकास कार्यक्रमतर्फ** : सदस्य तथा समुदायको लागि स-साना कृषि सडक, पुल पुलेसा, कुलो, वृक्षारोपण, कुवा, सार्वजनिक शौचालय, स्वास्थ्य शिविर, सरसफाइ, जनचेतनामूलक जस्ता कार्य सञ्चालन गर्ने गरेको ।

१३. **अन्य** :

(क) वार्षिक सहभागिता मूल्यांकन गोष्ठी गर्ने गरेको ।

(ख) उद्यमशीलता विकासको लागि प्राविधिक सहयोगको अवस्था वा Line agency सँगको समन्वय गर्ने गरेको ।

(ग) उद्यमशील भएका सदस्यको वार्षिक प्रतिवेदनमा प्रकाशन (उद्यमीको नाम, काम र रोजगारी प्रदान गरेको संख्या आदि) ।

(घ) सदस्य पहिचान विवरण (Know Your Member-KYM) अद्यावधिक गर्ने गरेको ।

(ङ) संस्थागत प्रभावकारिता अध्ययन र प्रकाशन ।

(च) सहयोगी निकायहरूसँगको सुमधुर सम्बन्ध विकास । आदि ।

सन्दर्भ सामग्री :

१. सहकारी ऐन, २०७४ ।

२. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि, २०६६ ।

"साना किसानको समृद्धि, कृषिको रूपान्तरण र उद्यमशीलताको विकास"

लघुवित्तको कार्यक्रम मार्फत ग्रामीण समुदायमा उद्यमशीलताको विकास गर्दै समुदायका हरेक सदस्यलाई आर्थिक समृद्धिको बाटोमा अगाडि बढाउन साना किसान लघुवित्त वित्तीय संस्था लि. ले अग्रणी भूमिका खेलिरहेको छ। ७९ प्रतिशत महिला सदस्यहरूको सहभागिता रहेका साझेदार संस्थाहरू मार्फत यस संस्थाको अगुवाईमा स्वरोजगार एवं रोजगारीका अवसर अभिवृद्धि गर्ने कार्य भईरहेको छ। देशको समग्र गरिबी निवारण गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्य लिएको यस वित्तीय संस्थाले देशभरी एघार (११) वटा इलाका कार्यालय र केन्द्रीय कार्यालय मार्फत सेवा प्रवाह गरिरहेको छ।

७६ जिल्लाका १ हजार ३ सय १५ वटा साना किसान कृषि सहकारी संस्था लि. र समान प्रकृतिका अन्य सहकारी संस्थाहरू मार्फत थोक कर्जाका साथै क्षमता विकास, प्रविधिको हस्तान्तरण, युवा उद्यमशीलताका लागि पैरवी लगायका सेवाहरू समेत उपलब्ध गराउँदै आएको छ। यस लघुवित्तले नेपाल सरकार, अन्तर्राष्ट्रिय दातृ संघ/संस्थाहरूको सहकार्यमा समुदायमा आधारित सहकारी संस्थाहरू मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रम संचालनमा समेत सहयोग पुऱ्याउँदै आएको छ। यस वित्तीय संस्थाको वेभसाईट www.skbbl.com.np बाट थप जानकारी लिन सकिने छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय बबरमहल, काठमाडौं ।
फोनं. ०१-५३२०९१३/५९०९६१२/४१११८९५

ग्रामीण अर्थतन्त्रको रूपान्तरण र साना किसान

✍ संगम महत*

नेपालको कृषि तथा पशुपालन व्यवसाय साना किसानमा आधारित छ । जीवन धान्नका लागि गरिने कृषिबाट रुपान्तरण हुँदै व्यावसायिक अभ्यासमा अगाडि बढिरहेको नेपालको कृषि तथा पशुजन्य उत्पादनमा साना किसानहरूको ठूलो योगदान छ ।

परम्परागत कृषि प्रणाली अवलम्बन गर्दै आईरहेका ग्रामीण क्षेत्रमा रहेका साना किसानहरू पछिल्लो समय एकीकृत हुँदै उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका अभ्यासमा लागेका छन् ।

गरिबी निवारण गर्दै ग्रामीण अर्थतन्त्र चलायमान बनाउन र सुधार गर्न यिनै साना किसानहरूले गर्ने उत्पादन एवम् आयआर्जन सहयोगी बनेको छ । सरकारले गरिबी निवारणका लागि सञ्चालन गरेका विभिन्न अभियानको प्रभाव अहिले देखिन थालेको छ । सामाजिक, आर्थिक र राजनीतिक चेतनाले बदलिएको सोचको फलस्वरूप अहिले साना किसानहरू सहकारीमा आवद्ध भई आर्थिक उपार्जन गरिरहेका छन् । सहकारी क्षेत्रको विकास र विस्तारमा नेपाल सरकारले पनि सहयोग गर्दै आएको छ ।

विश्वमा सन् १८४४ मा सहकारीताको अभ्यास सुरु भएको करिब १ सय वर्षपछि नेपालमा सहकारी सुरु भयो । वि.स. २०१० सालमा सहकारी विभाग गठन भएसँगै सरकारकै पहलमा सहकारी अभियान अगाडि बढेको थियो । नेपालको पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा सहकारी संस्था स्थापना गर्ने तथा सञ्चालन गर्ने कुरा उल्लेख गरिएको थियो । यही समयमा २०१३ साल चैत्र २० गते चितवन जिल्लामा बखान सहकारी स्थापना भयो ।

> **नेपाल सरकारले आर्थिक वर्ष २०६७/०६८ देखि साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत साना किसानहरूलाई प्रदान गरेको मासुजन्य सहुलियत कर्जाका कारण किसानहरूले ५ देखी ११ प्रतिशतसम्म मासुजन्य उत्पादन बढाउन सकेको देखिएको छ ।**

यसपश्चात् सरकार र समुदायको सहभागितामा सहकारी अभियानले तीव्रता पाउँदै गयो । तत्कालीन समयमा ग्रामीण क्षेत्रमा व्याप्त गरिबी निवारण गर्ने उपयुक्त माध्ययम र विधि सहकारी संस्था रहेको निकर्षसहित सरकारले सहकारी स्थापना र सञ्चालनलाई सहजीकरण गरेको पाइन्छ ।

यसैक्रममा वि.स. २०३२ सालमा सरकारी स्वामित्व रहेको कृषि विकास बैंकको अगुवाइमा वि.स. २०३२ साल असोज २ गते धनुषाको महेन्द्र नगर र नुवाकोटको तुप्चेमा साना किसान विकास आयोजना (समूह, सहकारी मोडलमा) सुरु गरेर ग्रामीण अर्थतन्त्र सुधारको अभियान सुरु गरेको थियो ।

तत्कालीन समयमा गरिब तथा विपन्न साना किसानहरूको आर्थिक र सामाजिक जीवनस्तरमा सुधार गरी गरिबी न्यूनीकरण गर्ने लक्ष्यसहित सुरु भएको साना किसान विकास कार्यक्रम अहिले साना किसान विकास बैंक हुँदै हाल देशका ७६ जिल्लामा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का रूपमा कार्य गर्दै आइरहेको छ ।

विकासको मूलधारबाट छुटेका विपन्न तथा गरिबहरूलाई एकताबद्ध गराई आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने यो नै नेपालको पहिलो सामूहिक पद्धतिको कार्यक्रम बन्न पुग्यो ।

नेपालमा स्थापना र सञ्चालन भइरहेका सहकारीहरूले दुर्गम गाउँबस्तीमा पुगेर गरिब किसानहरूलाई एकताबद्ध गर्दै आर्थिक उपार्जनसँग जोड्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

एक स्वतन्त्र अध्ययनमा नेपाल सरकारले आर्थिक वर्ष २०६७/०६८ देखि साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत साना किसानहरूलाई प्रदान गरेको मासुजन्य सहुलियत कर्जाका कारण किसानहरूले ५ देखि ११ प्रतिशतसम्म मासुजन्य उत्पादन बढाउन सकेको देखिएको छ । साना

किसानहरूलाई प्रदान गरिएको सीप, पुँजी र प्रविधिले अहिले दूध र हरियो तरकारी उत्पादनमा पनि नेपाल आत्मनिर्भर उन्मुख भइसकेको छ।

ग्रामीण क्षेत्रमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी साहु महाजनकोमा चर्को ब्याजमा ऋण लिन बाध्य साना तथा गरिब किसानहरूलाई सहुलियत दरमा पुँजी परिचालन गर्न सहकारीले सहयोग गरिरहेका छन्।

सदस्यहरूद्वारा, सदस्यहरूका लागि, सदस्यहरूबाट सञ्चालित सहकारीहरूमा अहिले कुनै समस्या छैन। कुनै सहकारीमा समस्या आयो भने समग्र सहकारीमा समस्या आयो भन्ने धारणा विकास गराउने प्रयास पनि बेला बखत भइरहेका छन्।

यस्तै कुनै लघुवित्तमा समस्या आयो भने सबै लघुवित्तमा समस्या आयो भन्ने सहकारी स्थापना गर्ने, सञ्चालन गर्ने, सदस्य बचतकर्ता मात्र जम्मा गर्ने तर संस्थाको बारेमा सदस्यहरूलाई जानकारी नदिने र कुनै पनि निर्णयमा संलग्न नगराउने सहकारीमा आफ्नै सहभागिता आफ्नै नेतृत्व

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले ग्रामीण क्षेत्रमा पुगेर काम गर्दा स्थानीय किसानहरूकै सहभागिता र नेतृत्व अनिवार्य गरेको छ। व्यक्तिगत, संस्थागत र सामुदायिक रूपान्तरणका लागि स्थानीयहरूनै पहिलो पंक्तिमा हुनुपर्छ भन्ने कुरालाई आत्मसाथ गर्दै साना किसान कृषि सहकारीमा सञ्चालक, कर्मचारी सबै स्थानीयहरूनै रहने गर्दछन्।

नेपाल सरकार सहकारी विभाग र नियमक निकायहरूले जारी गरेका ऐन, नियम, विधि, विधान र कानुनभन्दा बाहेकका सम्पूर्ण कार्यहरूलाई साना किसान कृषि सहकारी संस्थाहरूमा बन्देज लगाइएको छ। सरकारले जारी गरेको आफ्नो सहकारीको विषयगत क्षेत्रमा गर्नुपर्ने न्यूनतम कारोबारभन्दा धेरै गुणा बढी विषयगत क्षेत्रमा कारोबार गर्न साना किसान कृषि सहकारीहरू सफल भएका छन्। पुँजी परिचालन गर्न, जम्मा गर्न, कृषि तथा पशुजन्य उत्पादन बिक्री वितरण गर्न सदस्यहरू

> **युवाहरूलाई सीप विकास तालीमको ब्यबस्थाका साथै सहुलियत कर्जा समेत दिने गरेको र वैदेशिक रोजगारीबाट फर्केकालाई स्वदेशमै बसी उद्योग व्यवसाय गर्न प्राविधिक सहयोग सहितको ऋण पुँजी उपलब्ध गराएको छ।**

आफैँ सञ्चालक, आफ्नै स्थानीय कर्मचारी भएको नेटवर्कमार्फत काम हुने गरेको छ। यसले गर्दा किसानहरू ढुक्कसँग साना किसान कृषि सहकारी संस्थामार्फत कारोबार गरिरहेका छन्।

कृषि र पशुपालनमा युवा सहभागिता

लघुवित्तले सञ्चालन गरेका विभिन्न कार्यक्रमको प्रभावस्वरूप अहिले कृषि तथा पशुपालनमा युवा सहभागिता बढिरहेको छ। नेपाल सरकारमार्फत एसियाली विकास बैंकबाट प्राप्त ग्रामीण उद्यम ऋण सहयोगले व्यावसायिक रूपमा कृषि तथा पशुपालन एवं साना तथा मझौला कैयौँ कृषि प्रशोधन उद्योग सञ्चालन भई साना किसानले आफ्नो उत्पादनमा मूल्य अभिवृद्धि (भ्यालु एडिसन) को लाभ पाएका छन्।

गाउँमा गैरकृषि रोजगारीको समेत सृजना भएको छ। ग्रामीण उद्यम लगानी परियोजनामार्फत अहिले देशका विभिन्न जिल्लाका करिब ७ सय ६६ युवा किसानहरू विभिन्न कृषि तथा पशुजन्य व्यवसायमा संलग्न भएका छन्। यसैगरी २७ वटा सामूहिक व्यवसाय उद्यमसहित सञ्चालन भइरहेका छन्।

नेपाल सरकारको सहयोग र इजरायली सरकारसँगको सहकार्यमा यस वित्तीय संस्थाले सञ्चालन गरेको लर्न एण्ड अर्न कार्यक्रममार्फत ३ हजार १ सय ६२ जना साना किसान परिवारका सदस्य कृषि प्रशिक्षार्थीका रूपमा इजरायल गई कृषि तथा पशुपालनसम्बन्धी ज्ञान, सीप र प्रविधिबारे ११ महिने तालिम लिएर नेपाल फर्केका छन्।

उनीहरूले नेपालको गाउँगाउँमा अहिले इजरायली प्रविधिमा कृषि र पशुपालन गरिरहेका छन्। सीप परियोजना कार्यान्वयन गरी वित्तीय संस्थाले वैदेशिक रोजगारीमा जान इच्छुक युवाहरूलाई सीप विकास तालीमको व्यवस्थाका साथै सहुलियत कर्जासमेत दिने गरेको र वैदेशिक रोजगारीबाट फर्केकालाई स्वदेशमै बसी उद्योग व्यवसाय गर्न प्राविधिक सहयोग सहितको ऋण पुँजी उपलब्ध गराएको छ। एसियाली विकास बैंकसँगको साझेदारीमा सञ्चालनमा ल्याइएको छ।

उदाहरणीय संस्थागत संरचनाको अभ्यास

साना किसान कृषि सहकारी संस्थाको तीन तहको संस्थागत ढाँचा नेपाल र विश्वकै लागि एक नमुना र सफल ढाँचा बनेको छ। संस्थागत विकास गर्ने क्रममा यस अभियानमा ३ तहको संगठनात्मक संरचना कायम गरिएको छ। समूह, अन्तरसमूह र सञ्चालक समिति।

पहिलो तहअन्तर्गत गाउँ/टोलस्तरमा कम्तीमा ५ जनाको समूह गठन, पायक पर्ने स्थानका कम्तीमा दुई वा सोभन्दा बढी समूहको प्रत्येक समूहबाट १/१ जना प्रतिनिधि छनौट गरी दोस्रो तहको रूपमा अन्तरसमूह गठन र सबैभन्दा माथिल्लो तेस्रो तहको रूपमा सञ्चालक समिति गठन हुन्छ।

प्रत्येक अन्तरसमूहबाट १/१ जना योग्य सक्षम व्यक्ति सञ्चालक समितिमा प्रतिनिधिको रूपमा पठाइन्छ र तिनै प्रतिनिधिबाट सञ्चालक समिति गठन हुन्छ। यसरी समूह र सञ्चालक समितिबीचको पूल वा मध्यस्तकर्ताको रूपमा रही अन्तरसमूहले काम गर्दछ।

सहकारीमार्फत सदस्यहरूले के पाइरहेका छन् ?

बैंकिङ पँहुच हुन नसक्ने वर्ग/समुदायले आफ्नै बसोबास क्षेत्रमै बचत तथा ऋण सेवा लगायतका बैंकिङ्ग सेवा मात्र होइन, कृषिका लागि आवश्यक सामग्री प्रशोधन, भण्डारण र बजारिकरणको लागि आवश्यक वित्तीय र प्राविधिक सहयोगसमेत सहकारीबाट प्राप्त गरेका छन्।

करिब ७९ प्रतिशत महिला सदस्य रहेका यी सहकारीमा सामाजिक समावेशिताको हिसाबले हेर्दा दलित र आदिबासीको सहभागिता क्रमशः ११ र ३८ प्रतिशत रहेको छ। विभिन्न चेतनामूलक र सीप विकासका कार्यक्रमबाट मानव पुँजीको विकास र सामाजिक पुँजीको निर्माणमा मद्दत पुगेको छ। कम्तीमा स्थानीय ३ सय ७५ विपन्न परिवारका सदस्य हुनुपर्ने कारणले गर्दा अन्य सहकारी जस्तो केही टाठाबाठा मात्रको व्यवस्थापन र नियन्त्रणबाट यी सहकारी मुक्त छन्। स्थानीय स्रोतको प्रभावकारी परिचालन, कृषिको रूपान्तरण र उद्यमशिलताको विकासमा जोड दिएका कारणले गर्दा साना किसान कृषि सहकारी गरिबी न्यूनीकरण र ग्रामीण सामाजिक आर्थिक रूपान्तरणको पर्यायवाची बन्न पुगेका छन्।

"युवाहरूले नेपालको गाउँ-गाउँमा अहिले इजरायली प्रविधिमा कृषि र पशुपालन गरिरहेका छन्। सीप परियोजना कार्यान्वयन गरी वित्तीय संस्थाले वैदेशिक रोजगारीमा जान इच्छुक युवाहरूलाई सीप विकास तालीमको ब्यबस्थाका साथै सहुलियत कर्जा समेत दिने गरेको र बैदेशिक रोजगारीबाट फर्केकालाई स्वदेशमै बसी उद्योग व्यवसाय गर्न प्राविधिक सहयोग सहितको ऋण पुँजी उपलब्ध गराएको छ।"

नेपाल सरकार, अन्तराष्ट्रिय संघ/संस्था (एसियाली विकास बैंक, इफाड, यु.के.एआइडी, डिफिड) ले यी सहकारीको सुदृढीकरण र विस्तारका लागि वित्तीय तथा प्राविधिक सहयोग वित्तीय संस्थालाई उपलब्ध गराएका छन्।

सुदृढ, सबल र दिगो कृषि सहकारीबाट मात्र कृषिको रूपान्तरण र उद्यमशील संस्कृतिको विकास भई स-साना कृषि उद्योगमा रोजगारीको अवसर सृजना भइरहेको छ।

डब्लुएफओको साधारणसभामा नेपालको कृषि र किसानका मुद्दा

दक्षिण अफ्रिकामा भएको वर्ल्ड फार्मर्स अर्गनाइजेसन डब्लुएफएओको साधारणसभामा विश्वभरका कृषि अभ्यास र किसानका विषयमा छलफल भएको छ।

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेमबहादुर पाठक र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले साधारणसभामा भाग लिँदै नेपालमा अहिले भइरहेको कृषिको अभ्यास र किसानको अवस्थाका बारेमा जानकारी गराउनुभएको छ।

साधारणसभामा भएका विभिन्न छलफलमा सक्रिय सहभागिता जनाउँदै उहाँहरूले खाद्य शृंखला, जलवायु परिवर्तन, कृषिजन्य उत्पादनको अन्तर्राष्ट्रिय व्यापारको सम्भाव्यता, खाद्य सुरक्षा, विश्वमा देखिएका विभिन्न संकट समाधानमा कृषि र किसानले खेल्न सक्ने भूमिका, पशुपालनमा नवीन खोजको सुरुवात, अहिले विश्वमा देखिएका समस्याहरूको

दीर्घकालीन समाधानका उपाय लगायतका विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो।

प्राकृतिक स्रोत साधानको उचित उपयोगमार्फत साना किसानहरूको जीविकोपार्जन र जीवन रूपान्तरण कसरी गर्न सकिन्छ भन्ने विषयमा पनि साधारणसभामा छलफल भएको थियो।

उक्त अवसरमा नेपालको तर्फबाट अध्यक्ष पाठक र प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले डब्लुफओका अध्यक्ष अर्नोल्ड, अफ्रिकन मुलुकका विभिन्न प्रतिनिधि र अन्य विभिन्न देशबाट आएका प्रतिनिधिहरूसँग नेपालमा कृषि तथा पशुपालन क्षेत्रको सम्भावना र विश्व बजारमा नेपाली उत्पादनलाई कसरी जोड्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो।

साना किसान विकास लघुवित्तको २१औँ वार्षिक साधारणसभा सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को २१औँ वार्षिक साधारणसभा एक कार्यक्रमकाबीच सम्पन्न भएको छ।

भक्तपुरको बोडेमा भएको साधारणसभाले सेयरधनीहरूलाई आर्थिक वर्ष २०७८/७९ को आम्दानीबाट २६ प्रतिशत बोनस सेयर वितरण गर्न र कर प्रयोजनका लागि नगद लाभांश १.३६८% उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।

सभामा वित्तीय संस्थाका अध्यक्षले सञ्चालक समितिका तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । अध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनमा वित्तीय संस्थाको जारी र चुक्तापुँजी रु. १ (एक) अर्ब ९७ करोड ११ लाख ६१ हजार २९६.७८ पुर्‍याउन २१औँ साधारणसभासमक्ष प्रस्ताव गरिएको छ। प्रतिवेदनअनुसार आ.व. ०७७/७८ को अन्त्यमा वित्तीय संस्थाको कुल सम्पत्ति रु.२६ अर्ब १२ करोड ६६ लाख रहेकोमा ०७८/७९ को अन्त्यमा १७.८०% ले वृद्धि भई रु. ३० अर्ब ७७ करोड ९० लाख पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रति सेयर आम्दानी रु. ४४.५८, प्रति सेयर बुक नेटवर्थ रु. २६५.७६, निष्क्रिय कर्जा ०.६७%, मूल्य आम्दानी अनुपात २३.८९, र कुल पुँजी कोष १२.६६% रहेको प्रतिवेदन सभामा प्रस्तुत भएको छ । २०७९ असार मसान्तमा वित्तीय संस्थामा लगानीमा बाँकी ऋण रु. ३० अर्ब २ करोड १९ लाख पुगेको छ।

वित्तीय संस्थाले लघु कर्जा सेवाका अतिरिक्त पशुपालन तथा तरकारी खेती कर्जा, बागमती प्रदेश अन्तर्गत सहुलियतपूर्ण कर्जा, स्वावलम्बन कर्जा, साना तथा मझौला कृषि उद्यम व्यवसाय कर्जा (ग्रामीण उद्यम कर्जा), बैदेशिक रोजगारमा जाने र गई फर्केका युवाहरूलाई लक्षित गरी सशक्तिकरण तथा नेतृत्व विकास जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

अन्तर्राष्ट्रिय सहयोगी संघ/संस्थाहरूसँगको समेत सहकार्यमा क्षमता विकास र सेवा विस्तारका कार्यहरू संस्थामार्फत भइरहेका छन् । एशियाली विकास बैंकको ऋण सहयोग तथा नेपाल सरकारसँगको सहकार्यमा आ.व. २०७७/७८ देखि ग्रामीण उद्यम लगानी परियोजना सञ्चालन गर्दै आएको छ। यो परियोजनाअन्तर्गत ५ वर्षभित्र सामूहिक ५० र व्यक्तिगत ५ सय कृषि उद्यम सञ्चालनमा ल्याउने कार्यक्रम छ। कृषिलाई नाफामूलक व्यवसायकोरूपमा स्थापित गर्ने उद्देश्यले यो कर्जा कार्यक्रम सञ्चालन गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले जानकारी दिनुभयो।

यसै वार्षिक साधारणसभामा साना किसान विकास लघुवित्त वित्तीय संस्था र आर.एम.डी.सी. लघुवित्त वित्तीय संस्था बिच एक आपसमा गाभ्ने /गाभिने (Merger) प्रक्रिया अन्तिम चरणमा रहेकामा उक्त प्रक्रियाको विशेष प्रस्तावसमेत साधारणसभामा पेस गरिएको थियो।

अहिले वित्तीय संस्थामा आवद्ध १ हजार ३ सय ३० र आबद्ध हुने क्रममा रहेका १ सय २९ समेत १ हजार ४ सय ५९ साझेदार सहकारी संस्थाहरू मार्फत देशका ७६ जिल्लाका १० लाख ७९ परिवारमा ८७ अर्बभन्दा बढी लघु तथा कृषि वित्त सेवा पुर्‍याउँदै आएको यस वित्तीय संस्थाले आगामी दिनमा नेपालका ११ लाखभन्दा बढी परिवारमा सेवा पुर्‍याउने लक्ष्य राखेको छ।

साधारणसभामा उपस्थित सबैलाई वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले स्वागत गर्नुभएको थियो। कम्पनी सचिव झलेन्द्र भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

किसान साथ दिन तयार छन् सरकार अगाडि लाग्नुपर्छ : अध्यक्ष पाठक

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का अध्यक्ष खेमबहादुर पाठकले देशको वर्तमान आर्थिक अवस्थालाई सुधारको बाटोमा अगाडि बढाउन सरकार नै लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको सहकारी महासम्मेलनमा बोल्नुहुँदै अध्यक्ष पाठकले यो असहज अवस्थामा सहकारी क्षेत्र पूर्णरूपमा सरकारको साथमा रहने बताउनुभयो ।

उहाँले समस्या समाधानका लागि सरकार अग्रसर भएर आवश्यक नीति, नियम र कानुन निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । अध्यक्ष पाठकले नेपालको ग्रामीण अर्थतन्त्र चलायमान बनाउन र स्थीर राख्नका लागि सहकारी क्षेत्रको महत्त्वपूर्ण योगदान र भूमिका रहेको दाबी गर्नुभयो । अन्य क्षेत्रमा समस्या हुँदा सहकारीमा पनि केही समस्या परेजस्तो देखिएको बताउँदै उहाँले सहकारीको समस्या समाधान गर्न सकिने रहेको समेत बताउनुभयो ।

ग्रामीण क्षेत्रमा घट्दो बसोवास र बढ्दो बसाई सराईका कारण अहिले गाउँहरू खाली हुँदै जानु चिन्ताजनक रहेको बताउनुभयो । गाउँ क्षेत्रका जग्गा जमिनहरू बाँझै रहँदै जानु र गाउँकै उत्पादनको माग बढ्नुले सम्भावना पहिचान गरेर अब व्यावसायिक उत्पादनमा लाग्नुपर्ने समय आएको पाठकले बताउनुभयो ।

समस्याको सहज समाधानका लागि सहकारी अभियान र सहकारीका सदस्यहरू अहिले पनि लागिरहेको बताउँदै उहाँले अर्थतन्त्रको एक खम्बाका रूपमा स्वीकार गरिसकेको सहकारी क्षेत्र आफै सकारात्मक लयमा फर्कन सक्ने बताउनुभयो । नेपालमा रहको करिब ३१ हजारभन्दा बढी सहकारी संघ संस्थाहरूको छाता संगठनका रूपमा रहेको राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको उक्त महासम्मेलनमा देश तथा विदेशका करिव ५ सयभन्दा बढी सहभागीहरूको उपस्थिति थियो । कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष पाठकले नेपालको आर्थिक सामाजिक रूपान्तरण र ग्रामीण अर्थतन्त्रलाई निरन्तर चलाइरहन सहकारी अभियानले खेलेको भूमिका राष्ट्र र अन्तराष्ट्रिय मञ्चहरमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । कतिपय सन्दर्भमा राम्रो गर्नेहरूलाई राम्रो नभन्ने परिपाटी रहेको स्मरण गर्दै अध्यक्ष पाठकले नेपालमा पनि सहकारी क्षेत्रमा उदाहरणीय र असाधारण काम गरिरहेका संघसंस्थाहरू रहेको दाबी गर्नुभयो । ग्रामीण क्षेत्रको अर्थतन्त्र सुधार र गरिब किसानहरूको जीवनस्तर परिवर्तनमा साना किसान कृषि सहकारी संस्थाहरूले खेलेको भूमिका प्रकास पार्दै उहाँले द्वन्द्वको समयमा पनि साना किसानले गाउँमा आर्थिक आयआर्जनका काम गरेको जानकारी गराउनुभयो । उहाँले जस्तोसुकै कठिन परिस्थितिमा पनि सहकारी संस्थाहरूले सदस्यहरूको हितका लागि उत्पादन, उत्पादकत्व बढाउने, उत्पादनको बजारीकरणको सम्भावना पहिचान गर्ने काममा सहयोग गरिरहेको बताउनुभयो । अहिले पनि किसानको आफ्नै बजारको समस्या रहेको भन्दै उहाँले किसानले आफ्नो उत्पादन बिक्री वितरणका लागि आफ्नै बजार पाउन सके सबैभन्दा ठूलो उपलब्धि यही हुने उहाँको धारणा थियो । सरकारले यसतर्फ ध्यान दिन माग गर्दै उहाँले यसका लागि आफूहरूले पटक-पटक पहल गर्दा पनि सफल हुन नसकेको गुनासो गर्नुभयो । काठमाडौंमा भएको महासम्मेलनमा नेपालका विभिन्न जिल्लाका सहकारी अभियन्ता, सदस्य, शुभेच्छुक लगायतको सहभागिता रहेको थियो ।

अर्थतन्त्र सुधार्न कृषि र किसानको अवस्था सुधारौँ

काठमाडौं ।

वर्तमान आर्थिक अवस्थाबाट देशलाई माथि उठाउन कृषि र किसानहरूको अवस्था सुधार्नुपर्ने आवश्यकता रहेको काठमाडौंमा आयोजित एक कार्यक्रमका वक्ताहरूले बताउनुभएको छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को २२ औं स्थापना दिवसका अवसरमा बोल्ने वक्ताहरूले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउँदै कृषिजन्य वस्तुहरूको भण्डारण, प्रशोधन र बजारीकरणमा ध्यान दिनसके अर्थतन्त्र सुधारको बाटो खुल्ने बताउनुभएको हो ।

कार्यक्रममा बोल्नुहुँदै कृषि विकास बैंकका पूर्वअध्यक्ष एवं सिइयो श्रीकृष्ण उपाध्यायले कृषि क्षेत्रमा लगानी मात्र नभई उत्पादनको बजारीकरणमा समेत ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले ग्रामीण क्षेत्रमा राम्रो काम गरेका कृषि सहकारीका सदस्य किसानहरूलाई उत्साह बढाउन सरकारले त्यस्ता सहकारीको पहिचान गरी कृषिका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । सहकारीमा समस्या मात्र छैनन्, उहाँले भन्नुभयो सम्भावना बोकेका र आफूलाई सफल प्रमाणित गरेका सहकारीहरू पनि छन् यसको पहिचान गर्ने र भन्ने समय आइसकेको छ । सहकारी र लघुवित्तलाई एउटै नजरबाट हेर्ने परिपाटीको अन्त्य गर्नुपर्ने उपाध्यायको जोड थियो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले सहकारीमार्फत सदस्य किसानहरूलाई प्रवाह गरेको ज्ञान, सीप, पुँजी, प्रविधि र सचेतनाले गरिब, पिछडिएको वर्ग, दलित, अल्पसंख्यक, महिलाहरूको नेतृत्व विकासमा ठूलो योगदान पुगेको बताउनुभयो ।

यसैगरी, कार्यक्रममा सना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेमबहादुर पाठकले लघुवित्तलाई एउटै डालोमा राखेर गरिएको विश्लेषणप्रति असन्तुष्टि जनाउनुभयो । उहाँले जहाँ समस्या छ त्यहीं उपचार गर्नुपर्नेमा सबै क्षेत्र नै गलत भयो भन्ने गरी भइरहेको प्रचारप्रसारले आफूहरूलाई नकारात्मक प्रभाव पारिरहेको बताउनुभयो ।

उँहाले साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्थामार्फत सदस्य किसानहरूलाई सेवा प्रदान गर्दै आइरहेको स्पष्ट पार्दै साना किसानमा कुनै समस्या नरहेको दाबी गर्नुभयो । अहिले १ हजार ४ सय ५९ साझेदार साना किसान कृषि सहकारीमार्फत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले सेवा प्रवाह गरिरहेको जानकारी गराउँदै उहाँले आफ्नो सञ्जालका संस्थामा बजारमा भनिएजस्तो समस्या नरहेको स्पष्ट पार्नुभयो ।

ग्रामीण अर्थतन्त्र सुधारमा केन्द्रित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले समुदायमा पछाडि परेका राउटे, कुसुण्डा, मुसहर, बनकडरिया, दलित, अल्पसंख्यक र महिलाहरूको आर्थिक सामाजिक रूपान्तरणमा काम गरिरहेको जानकारी गराउनुभयो। किसानहरूको सहभागितामा किसानहरूकै नेतृत्वमा सञ्चालित साना किसान कृषि सहकारीहरूमा कुनै समस्या नरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष पाठकले कहीँ कतै त्यस्तो समस्या देखिए तत्काल समाधान गर्न आफूहरू तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो।

गरिब किसानहरूलाई धनी बनाउने, पछाडि परेकाहरूलाई मूलधारमा ल्याउने, सामाजिक सामुदायिक काममार्फत खानेपानी, सडक, सरसफाइ लगायतका काममा साना किसानहरू गाउँ-गाउँमा लोकप्रिय संस्था बनेको अध्यक्ष पाठकले दाबी गर्नुभयो।

कार्यक्रममा कृषि विकास बैंकका सिइयो गोविन्द गुरुङले नेपालको दूरदराजका किसानहरूलाई व्यवसायी बनाउन साना किसान लघुवित्त वित्तीय संस्थाले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले किसानहरूलाई उत्पादनमा लाग्न प्रेरित गर्ने, उत्पादन गर्ने, प्रशोधन गर्ने, भण्डारण गर्ने र बजारसम्म जोड्ने कुरामा अझै काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। सिइयो गुरुङले किसानहरूको सहभागिता र नेतृत्व रहने साना किसान सहकारीसँग मात्र कारोबार गर्ने साना किसान विकास लघुवित्त वित्तीय संस्थाको पहुँच वृद्धि गर्नुपर्नेमा समेत जोड दिनुभयो। उहाँले सदस्यहरूको क्षमता विकास गर्दै विशेष गरी युवाहरूलाई नेपालमै कृषि तथा पशुपालनका क्षेत्रमा राम्रो आम्दानीको वातावरण बनाउन सकिसने सम्भावना रहेको समेत बताउनुभयो।

यसैगरी, कार्यक्रममा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइरालाले लघुवित्तले गरेको काम हेरेर संस्थाहरूको मूल्यांकन गरिनुपर्नेमा जोड दिनुभयो। उहाँले नेपालका ७६ जिल्लाका १० लाख ७९ हजारभन्दा बढी घरपरिवारमा पुगेको साना किसान कार्यक्रम नेपालको ग्रामीण अर्थतन्त्र सुधारमा एक सफल कार्यक्रम रहेको दाबी गर्नुभयो।

उहाँले ७९ प्रतिशत महिला सदस्य रहने गरी नेपालको दूरदराजमा साना किसान कृषि सहकारीहरू स्थापना भई सञ्चालनमा रहेको बताउनुभयो। अहिले सहकारीमार्फत सदस्यहरूले एकल र सामूहिक रूपमा चिया, दूध, डेरी, तेल, चामल लगायतका उद्यम सुरु गर्नुभएको जानकारी दिनुभयो।

कार्यक्रममा देशभर रहेका १ हजार ४ सय ५९ साझेदार सहकारी संस्थामध्ये सर्वोत्कृष्ट संस्थाका रूपमा परिवर्तन महिला साना किसान कृषि सहकारी संस्था लि. गुमी सुर्खेतलाई पुरस्कृत गरिएको छ।

यसैगरी, ११ वटा इलाका कार्यालय रहेको संस्थाले उत्कृष्ट इलाका कार्यालयका रूपमा हेटौँडा इलाका कार्यालाई उत्कृष्ट इलाका कार्यालयका रूपमा पुरस्कृत गरेको छ। कार्यक्रमका लघुवित्त वित्तीय वित्तीय संस्था लि. का सञ्चालक, कर्मचारी, पत्रकार एवं विभिन्न सहकारीका अध्यक्ष, सञ्चालक तथा कर्मचारीहरूको सहभागिता थियो।

सहकारीको मुख्य सिद्धान्तलाई बिर्संदा सहकारीमा समस्या आएको हो : प्रमुख कार्यकारी अधिकृत डा. कोइराला

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले विश्वमा सहकारीताको सुरुवात हुँदाको मूल्य मान्यताबाट सहकारी क्षेत्र विमुख हुँदा सहकारी क्षेत्रमा समस्या हुँदै आएको बताउनुभएको छ।

राष्ट्रिय सहकारी महासंघले आयोजना गरेको सहकारी महासम्मेलनको छलफलमा बोल्नुहुँदै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले जुन मूल्य मान्यताबाट सहकारी सुरुवात गरिएको हो त्यो मूल्य मान्यताबाट सहकारी क्षेत्र विचलित भएका कारण सहकारीमा केही समस्या देखिएको बताउनुभयो । उहाँले सहकारीमा समस्या आएको नभई सहकारीमा समस्या निम्त्याइएको जिकिर गर्नुभयो।

नेपालमा २००७/०८ को आर्थिक संकटको समयमा अरू ठूलठूला बैंक तथा वित्तीय संस्थाहरूमा समस्या हुँदा पनि सहकारीमा कुनै समस्या नहरेको दृष्टान्त प्रस्तुत गर्दै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले अहिले अर्थतन्त्रमा केही समस्या देखिनसाथै सहकारीमा पनि देखिनु चिन्ताको विषय भएको बताउनुभयो।

सहकारीलाई सहकारीको रूपमा चलाउनुपर्नेमा अरू बैंक तथा वित्तीय संस्थाहरू जस्तै सहकारीलाई चलाउन खोज्दा समस्या सृजना भएको बताउनुभयो । सहकारीको कर्जा लगानीको क्षेत्र पहिचान गर्न नसकेका कारण पनि अहिलेको समस्या देखा परेको उहाँको तर्क थियो।

सहकारीका एकका लागि सबै र सबैका लागि एक भन्ने मान्यतामा सञ्चालन हुनुपर्नेमा त्यसो हुन नसकेको उहाँले बताउनुभयो।

सहकारीमा जम्मा भएको रकम तरलता नराखी लगानी गर्ने परिपाटीको अन्त्य गर्नुपर्नेमा डा. कोइरालाले जोड दिनुभयो।

उहाँले भन्नुभयो : सहकारीले गरिब, पछाडि परेको समुदाय, महिला, दलितहरूको आर्थिक, सामाजिक र सचेतनाको रूपान्तरणमा काम गर्नुपर्छ। आयआर्जनका काममा सहकारीको लगानी हुनुपर्छ तब मात्र सहकारी क्षेत्रको समस्या समाधान हुँदै जान्छ। नेपाल भर रहेका साना किसान कृषि सहकारीहरूमा अहिले हामीले कडाइका साथ यो कुरालाई लागू गरिरहेका छौं । जसको फलस्वरूप साना किसान कृषि सहकारीहरूमा त्यती धैरै समस्या आइसकेको छैन। डा. कोइरालाले भन्नुभयो हामीलाई विश्वास छ उत्पादनमूलक क्षेत्रमा बढि लगानी गर्ने सहकारीहरूमा अवश्य पनि तुलनात्मक रूपमा अन्य सहकारी जस्तो समस्या आउँदैन। वर्तमान आर्थिक संकट समाधानका लागि पनि सहकारी क्षेत्रले भूमिका खेल्न सक्छ । सहकारी अर्थतन्त्रको एक खम्बाका रूपमा स्थापित भईसकेको छ । सहकारीलाई राज्य र सरोकारवाला निकायहरूले पनि सोही अनुसार व्यवहार गर्न म अनुरोध गर्न चाहन्छु । समस्याबाट भागेर होइन समस्याको समाधान गर्दै अगाडि बढे सबै सफल भइन्छ। यसका लागि सहकारी उपयुक्त माध्यम हुन सक्छ।

दुवै खुट्टा गुमाएकी प्रबन्धक : दीपा राना

जसको नेतृत्वमा १३ सय ५० बढी महिला एकीकृत हुँदै १९ करोडभन्दा बढी पुँजी परिचालन गरिरहेका छन् ।

सोचेजस्तो जीवन हुने भए सायदै मान्छेहरूले जीवनमा दुःख रोज्थे होला । तर, समयले कतिपय मानिसहरूलाई जीवनभर नभुल्ने गरी जबरजस्त दुःख र पीडा दिन्छ । सुर्खेतको गुमीकी दीपा रानाको जीवनमा पनि यस्तै भयो । आफ्नो खुट्टा काट्न आफैं साक्षी बसेकी दीपा रानाको जीवन कति संघर्षले भरिएको छ भन्ने कुरा सुनिसाध्य छैन ।

सुन्दा पनि मन थाम्न गाह्रो हुने दीपा रानाको जीवनको संघर्षको भोगाइ कि त उहाँलाई थाहा छ, कि त उहाँको आमा र बुबालाई । सुर्खेतको वीरेन्द्रनगर, भेरी नदी पुल हुँदै छिन्चु पार गरी सुर्खेतको गुमीमा १३ सय ५० भन्दा बढी महिला दिदीबहिनीहरूको जीवनमा रूपान्तरण र सम्भावनाको ढोका खोल्न सफल हुनुहुन्छ । पहिले आधाजस्तो लाग्ने दीपा अहिले सग्लो र सिंगो हुनुभएको छ । दीपालाई यसरी हिँडेको देख्ने कुरा सपनाजस्तै लाग्ने उहाँका बुबा भन्नुहुन्छ : अहिले आफ्नै अगाडि छोरी अरू मान्छेजस्तै हिँडेको देख्दा खुब खुसी लाग्छ ।

विहानको ७:३० बजेबाटै दीपाको अफिस सुरु भइसकेको थियो । अर्थात् दीपाको मोबाइलमा संस्थासँग सम्बन्धित कामका बारेमा महिला दिदीबहिनीहरूको फोन आइरहेको हुन्छ । हेर्दा सामान्य मानिसजस्तै देखिने र हिँड्ने दीपा संस्थाको काम गर्न घण्टौं उकालो चढ्नुभएको छ भने घण्टौं ओरालो झर्नुभएको छ । उकालो ओरालो गर्दा खुट्टामा खुब दुःखाइ हुन्थ्यो र अहिले पनि हुन्छ । तर, उहाँले आफ्नो दुःखाइ कहिल्यै कसैसँग सुनाउनुभएन । दुःख्यो भन्यो भने जागिर छाड्नुपर्ला, महिला दिदीबहिनीहरूको बीचमा काम गर्न नपाइएला भनेर दीपाले कहिल्यै आफ्नो दुःखाइको बारेमा नभन्नुभएको रे । दुई हातले घिस्रेर स्कुल जान सुरु गर्नुभएकी दीपाले, विभिन्न संस्थाको सहयोगमा खुट्टा पाए पनि त्यति

राम्रो भएन । तर, अहिलेको खुट्टा भने राम्रो छ । सहजै हिँड्न सक्ने दीपालाई खुट्टा खोल्दा मात्र आफू अपांग छु जस्तो लाग्छ ।

काभ्रेको बनेपा अस्पताल बस्दाको विगत सम्झँदै दीपा भन्नुहुन्छ, अस्पतालमा अरूका आफन्त भेट्न आउँथे, तर मेरो भने कोही आउँथेन । अहिले उहाँलाई जहाँ जान पनि अप्ठेरो लाग्दैन । तर, एक दुई दिनका लागि कतै जानुपरे उहाँलाई सबैभन्दा ठूलो चिन्ता ट्वाइलेटको हुने गर्छ । २०६७ सालमा सहभागितामूलक सिकाइ केन्द्र (पिएल सी) कक्षा सञ्चालन गरेर गाउँका दिदीबहिनीहरूलाई साक्षर बनाउन सफल दीपाकै नेतृत्वमा २०६७ सालमा सहकारी संस्था स्थापना भयो । २०७९ सालमा हस्तान्तरण भई तत्कालीन साना किसान विकास बैंक (हालको साना किसान विकास लघुवित्त वित्तीय संस्था) मा आबद्ध भएको संस्था चलाउने क्रममा छिमेकीहरूबाटै दीपालाई व्यक्तिगत मात्र होइन पारिवारिक रूपमा समेत हतोत्साही बनाउने प्रयास गरियो । आफूभित्रको आँट, भरोसा र विश्वासले हिम्मत नहारेकी दीपा राना भन्नुहुन्छ, अरूका कुरा सुनेर हिम्मत हारेको भए आज पनि म अपांग नै भएर बाँच्थेँ होला । तर, उहाँको हिम्मतकै कारण आज संस्था ठूलो बन्दै गएको छ, आफ्नै भवन बनाउन सफल हुनुभएको छ ।

बिहानदेखि साँझैसम्म दीपासँगै काम गर्ने सहायक प्रबन्धक मायाँ सिँजापति कार्यालय व्यवस्थापनदेखि गाउँका दिदीबहिनीहरूलाई उत्प्रेरणा थप्न दीपाको भूमिका महत्त्वपूर्ण रहेको छ भन्नुहुन्छ । संस्थामा आबद्ध धेरै महिला दिदीबहिनीहरू अहिले व्यावसायिक बन्नुभएको छ ।

दीपा व्यवसाय गरिरहनु भएको दिदीबहिनीहरूलाई थप हौसला प्रदान गर्न र व्यवसाय अनुगमन गर्न आफैं फार्ममै पुग्नुहुन्छ । साना किसान सहकारी संस्थाका बारेमा बुझाएर आफूहरूलाई आयआर्जनसँग जोड्न दीपाले खेल्नुभएको महत्त्वपूर्ण भूमिकाप्रति धन्यवाद व्यक्त गर्नुहुन्छ । गाउँकै आनन्द उच्च माविमा कक्षा १२ सम्मको अध्ययन सकाउनुभएकी दीपाले सुर्खेतको वीरेन्द्रनगरमा रहेको शिक्षा बहुमुखी क्याम्पसबाट नेपाली विषयमा स्नातक गर्नुभएको छ । अरूभन्दा फरक क्षमता भए पनि दीपाको पढाइप्रतिको लगाव र आफैंप्रतिको विश्वासका कारण अहिले एक सफल व्यवस्थापक बनेको शिक्षकहरूको बुझाइ छ ।

जीवनमा आशा, ऊर्जा, उमंग, अठोट, विश्वास र भरोसा बोकेर हिँड्नेहरू जस्तोसुकै परिस्थितिमा पनि आफूलाई अगाडि बढाइरहन्छन् । सधै सहज र ठिकठाक दिन र दैनिकी कसैको हुँदैन । कठिन परिस्थितिमा पनि आफ्नो लक्ष्य पूरा गर्न प्रतिबद्ध यी दुवै खुट्टा गुमाउनुभएकी दीपा राना विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्ड र पुरस्कारबाट सम्मानित हुनुभएको छ । सामान्य आयआर्जनका लागि गाउँ छाडेर सहर र सहर छाडेर विदेश पलायन हुनेहरूका बीचमा सुर्खेतको गुमीमा श्रम, सीप र आर्थिक उपार्जनको सुगन्ध फैलाउँदै छन् परिवर्तन महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड र प्रबन्धक दीपा राना ।

युवालाई उद्यमसँग जोड्दै आयआर्जनमा संलग्न बनाउन साना किसानले भूमिका खेलेको त छ नै, दीपा रानाको सक्रियता र सफलताले धेरै युवा तथा महिला दिदीबहिनीहरूमा सम्भव छ भन्ने विश्वासको विकास गरेको छ ।

देशका ७६ जिल्लामा १४ सयभन्दा बढी साना किसान कृषि सहकारीमार्फत लाखौंको बीचमा पुगेको साना अभियानको यो एउटा प्रतिनिधि घट्ना मात्र हो यस्तै सयौं र हजारौं महिला तथा युवाहरू अहिले उद्यमी बनिसकेका छन् ।

प्रमुख कार्यकारी अधिकृत कोइरालाद्वारा सुर्खेतका साना किसानहरूसँग छलफल

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले सुर्खेतको सृजना साना किसान कृषि सहकारी संस्था लि. मैनतडा, महिला परिवर्तन साना किसान कृषि सहकारी संस्था लि. गुमी लगायतका विभिन्न संस्थाको अनुगमन निरीक्षण गर्नुभएको छ।

यसैक्रममा प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले साना किसान कृषि सहकारी संस्थाको दिगो विकास, संस्थागत विकास र आयआर्जनका क्षेत्रको पहिचानका विषयमा छलफल गर्नुभएको छ । किसानको फार्ममै पुगेर व्यवसायका बारेमा जानकारी लिनुभएका प्रमुख कार्यकारी अधिकृत कोइरालाले आम्दानी विनाको व्यवसाय नहुने भन्दै उत्पादनको गुणस्तरीयता र बजारीकरणका बारेमा समेत चासो राख्नुभएको थियो। युवालाई उद्यमसँग जोड्न आवश्यक पुँजी, प्रविधि, ज्ञान र सीप दिन साना किसान विकास लघुवित्त वित्तीय संस्था तयार रहेको जनाउँदै उहाँले गाउँमा युवा उद्यमीको पहिचान गरी उनीहरूको अवश्यकताको पनि पहिचान गर्नुपर्नेमा जोड दिनुभयो।

युवा कृषि तथा पशुपालनमा लागे मात्र देशको समग्र उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आयात प्रतिस्थापन सम्भव रहेको धारणा राख्दै उहाँले सहकारी संस्थाले सदस्यहरूको जीवन रूपान्तरणमा खेलेको भूमिकाका विषयमा समेत चासो व्यक्त गर्नुभएको थियो। साना किसानहरूले अहिले भोग्दै आयको समस्याका बारेमा जानकारी लिनुभएका उहाँले समाधानका उपायका बारेमा पनि चर्चा गर्नुभएको थियो।

किसानहरूले कृषि तथा पशुपालन गर्दा आउने समस्या समाधानका लागि स्थानीय वडादेखि केन्द्र तहसम्मका सरोकारवाला निकायहरूसँग समन्वय गर्दै अगाडि बढ्न अनुरोध गर्नुभयो । कृषि र पशुजन्य समस्या समाधानका लागि स्थानीय सरकारले पनि विभिन्न अभियान र कार्यक्रम अगाडि बढाएको भन्दै उहाँले यस्ता कार्यमा सहभागी हुन पनि किसानहरूलाई अनुरोध गर्नुभयो। सरकारको अनुदान वास्तविक किसानहरूले पाउन नसकेको भन्ने गुनासो कतिपय सन्दर्भमा सान्दर्भिक रहेको बताउँदै उहाँले यसलाई चिर्न किसान आफैं सचेत भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। छलफलका क्रममा संस्थाका अध्यक्ष, सञ्चालक एवं प्रबन्धकहरूले आफ्नो संस्थाको वित्तीय अवस्था र रणनीतिका बारेमा जानकारी गराएका थिए।

प्रमुख कार्यकारी अधिकृत कोइरालाद्वारा कर्णाली प्रदेशका विभिन्न साना किसान सहकारीमा अनुगमन तथा छलफल सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले सुर्खेतका विभिन्न साझेदार सहकारी संस्थाहरूसँग छलफल तथा अनुगमन गर्नुभएको छ । प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले अनुगमनका क्रममा सदस्य किसान र उद्यमी किसानहरूसंग पनि छलफल गर्नुभएको छ । यसैगरी उहाँले ग्रामीण उद्यम लगानी परियोजनामार्फत कर्जा लिएर व्यवसाय गरिरहनु भएका

किसानहरूसंग पनि छलफल गर्नुभएको छ । यसैगरी इजरायलबाट तालिम लिएर फर्केका युवा किसानहरूले सञ्चालन गरेको व्यवसायको पनि डा. कोइरालाले अनुगमन गर्नुभएको छ । उहाँले सुर्खेतको लाटिकोइलीमा इजरायलबाट फर्केर ब्यवसायलाई निरन्तरता दिएका र हाल ग्रामीण उधम कर्जा लिइ व्यवसाय गरेका युवा उधमी दिपेन्द्र कार्कि र छविलाल खड्का को गाई फार्म तथा गँड्यौला मल उत्पादन परियोजना अवलोकन गर्नुभएको थियो । यसैगरी साना किसान कृषि सहकारी संस्था लाटिकोइलीका पदाधिकारी तथा कर्मचारी हरूसंग संस्था को वर्तमान अवस्था र भावि रणनीतिको बारेमा समेत छलफल तथा अन्तरक्रिया गर्नुभएको थियो ।

यसैगरी प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले साटाखानि संस्था ले सञ्चालन गरेको कृषि पसल, दूध डेरी, टनेल तरकारी एवम् फलफूल बिउ उत्पादन अनुसन्धान केन्द्र गार्मेन्ट उद्योग, सावुन उद्योग, कोल्ड चेम्बरलगायत परियोजनाको अनुगमन गर्नुभएको थियो ।

यसैगरी उहाँले सुर्खेतको मेहेलकुनामा रहेको साना किसान कृषि सहकारी संस्था लि. मेहलकुनाका सञ्चालक तथा कर्मचारीहरूसँग संस्थाको वर्तमान अवस्थाका बारेमा छलफल गर्नुभएको थियो ।

यसैगरी उहाँले साना किसान कृषि सहकारी संस्था लि.उत्तरगङ्गाका सदस्य तथा उद्यमीले कर्जा लिएर सुरु गरेको बंगुर फार्म, गार्मेन्ट उद्योग, डेरी उद्योग तथा सहकारीले सञ्चालन गरेको वित्तीय साक्षरता कार्यक्रममा महत्त्वपूर्ण सल्लाह एवम् सुझाव प्रदान गर्नुभएको थियो ।

यसैक्रममा प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले कालिकोटको हिमचुली कृषि सहकारी संस्थाको अनुगमन गर्नुभएको थियो । उहाँले यसैक्रममा पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रिया गर्नुभएको थियो । उहाँले चुलिमालिका, महाबै र फूलबारी साना किसान कृषि सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूसँग पनि छलफल गर्नुभएको थियो ।

उहाँले कालिका फलफूल सहकारी संस्था र जुम्लाको तिला र त्रिवेणी साना किसान कृषि सहकारी संस्थाका सदस्य, सञ्चालक, कर्मचारीहरूसँग कृषि सहकारीले ग्रामीण अर्थतन्त्र सुधारमा खेलेको भूमिका बारेमा छलफल गर्नुभएको थियो ।

वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तथा प्रगति समीक्षा गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा महोत्तरीको बर्दीवासमा वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तथा प्रगति समीक्षा गोष्ठी सम्पन्न भएको छ।

तालिममा विभिन्न संस्थाका अध्यक्ष, पदाधिकारी, सञ्चालक, प्रबन्धक, कर्मचारी र सदस्यहरूको सहभागिता थियो । लघुवित्तको बर्दिवास इलाकाअन्तर्गत रहेका साना किसान कृषि सहकारी संस्थाहरूको दिगो विकास, सवलीकरण र वित्तीय अनुशासनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ गोष्ठीको आयोजना गरिएको संस्थाले जनाएको छ।

उक्त गोष्ठीमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडा, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का लेखा समिति संयोजक महेश्वर सुवेदी, इलाका प्रबन्धक, केन्द्रीय कार्यालयका कृष्ण अर्याल लगायतले सहजीकरण गर्नुभएको थियो।

नायव प्रमुख कार्यकारी अधिकृत डा. सिम्खडाले साना किसान कृषि सहकारीमार्फत कर्जा लिएर विभिन्न कृषि उद्यम सञ्चालन गरिरहेका सदस्यहरूसम्म वित्तीय ज्ञान पुऱ्याउनुपर्ने आवश्यक औंल्याउनुभयो।

यसैगरी कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का लेखा संयोजक सुवेदीले वित्तीय ज्ञान सबैका लागि महत्त्वपूर्ण हुने बताउनुभयो । नेपालको ग्रमीण क्षेत्रमा आफ्नो सेवा प्रवाह गरिरहेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले आफ्ना ११ वटा इलाका कार्यालयमार्फत सञ्जालमा रहेका साना किसान कृषि सहकारी संस्थाहरूको दिगो विकास, संस्थागत विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसैगरी संस्थाले सञ्जालभित्र रहेका सदस्य संस्थाहरूका सदस्य किसानहरूको उत्पादन, उत्पादकत्व बढाउनका साथै आवश्यक पुँजी, प्रविधि, सीप, ज्ञान र उत्पादनको बजारीकरणका लागिसमेत सहयोग प्रदान गर्दै आएको छ । नेपाल सरकार र सहयोगी निकायहरूसँगको सहकार्यमा लघुवित्तले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

सुर्खेतका ग्रामीण उद्यम कर्जा लगानी भएका परियोजनाको अनुगमन सम्पन्न

सुर्खेतका विभिन्न साना किसान कृषि सहकारी संस्था लि. मार्फत ग्रामीण उद्यम लगानी परियोजनामार्फत कर्जा लिएर व्यवसाय गरिरहेका व्यवसायीहरूको व्यावसायिक अवस्था, सम्भावना र चुनौतीबारे अनुगमन गरिएको छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. की मुख्य प्रबन्धक ईशा केसी एसियाली विकास बैंकका कन्सल्टेन्ट अच्युत राज जोशी, इलाका प्रबन्धक लगायतको टोलीले ग्रामीण

उद्यम कर्जा लिएर व्यवसाय गरिरहेका विभिन्न सहकारीका सदस्यहरूको उद्यमको अनुगमन गर्नुभएको हो। अनुगमनका क्रममा किसान र सहकारी संस्थाका सञ्चालक, प्रबन्धक एवम् कर्मचारीहरूसँग छलफल र अन्तरक्रियासमेत गरिएको थियो।

अनुगमन टोलीले साना किसान कृषि सहकारी संस्था लि. उत्तरगंगा, लाटिकोइली, छिन्छु, महिला साना किसान कृषि

सहकारी संस्था लि मैनतडा र महिला परिवर्तन साना किसान कृषि सहकारी संस्था लि. गुमीका सदस्यहरूले सञ्चालन गरेका विभिन्न परियोजनाहरूको स्थलगत अनुगमन र अवस्था बुझ्नुभएको थियो।

वित्तीय साक्षरता तथा अन्तरसमूह सुदृढीकरण तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बुटवलको आयोजनामा कपिलवस्तुका साना किसान कृषि सहकारी संस्थाहरूका लागि वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ।

विभिन्न संस्थाका अध्यक्ष, पदाधिकारी, सञ्चालक, प्रबन्धक, कर्मचारी र सदस्यहरूको सहभागिता रहेको तालिममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले सहजीकरण गर्नुभएको थियो । भट्टराईले संस्थाको दिगो विकास र सदस्यहरूको जीवन रूपान्तरणका लागि वित्तीय जानकारी अपरिहार्य रहेको बताउनुभयो। उहाँले साना किसान कृषि सहकारीहरूमा सुशासन स्थापित गर्दै आय आर्जनका क्रियाकलापमा सदस्यहरूलाई जोड्नुपर्नेमा जोड दिनुभयो। भट्टराईले आय आर्जनले आर्थिक गतिविधि बढाउनका साथै गरिबी निवारण र ग्रामीण अर्थतन्त्र सुधारमा सहयोग पुग्ने बताउनुभयो।

लघुवित्तको बुटवल इलाकाअन्तर्गत रहेका साना किसान कृषि सहकारी संस्थाहरूको दिगो विकास, सवलीकरण र वित्तीय अनुशासनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो।

सहभागीहरूले आफूहरूले तालिमबाट धेरै कुरा जानकारी पाएको प्रतिक्रिया दिनुभयो। एकजना सहभागीले प्रतिक्रिया दिँदै भन्नुभयो, साना किसान कृषि सहकारीलाई अझै प्रभावकारी बनाउन वित्त परिचालन, व्यवस्थापन र संकलन लगायतका विषयलाई गहिरो ढंगबाट बुझ्ने अवसर पाइयो तालिम अत्यन्तै फलदायी भयो।

बिर्तामोडमा ग्रामीण उद्यम कर्जा व्यवस्थापन तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको इलाका कार्यालय बिर्तामोडको आयोजना तथा एसियाली बिकास बैंक (ADB) को सहयोगमा बिर्तामोडमा ३ दिने ग्रमीण उद्यम कर्जा व्यवस्थापन तालिम सम्पन्न भएको छ । झापा र इलामका साना किसान कृषि सहकारीका २६ जना कर्मचारीलाई ग्रामीण किसान मा उद्यमशीलताको विकास गर्ने र वित्तीय पहुँच पुऱ्याउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो ।

तालिम समापन कार्यक्रममा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले सहभागीलाई कृषिमा उद्यमशीलता र यो कर्जाको महत्त्वका बारेमा जानकारी दिनुभएको थियो । यसैगरी तालिममा ग्रामीण कृषि उद्यममा कर्जा प्रवाह गर्दाका बाधा, अवसरहरू, उद्यम परियोजनाको व्यावसायिक योजना निर्माण, सो को विश्लेषण, जोखिम पहिचानलगायत विषयमा वित्तीय संस्थाका उद्यम कर्जाका फोकलपर्सन कुमार घिमिरे ले सहजीकरण गर्नुभएको थियो । परियोजनाका परामर्शदाता प्रमोद पाण्डे ले कृषि कर्जाका सैद्धान्तिक पक्षहरूको र परियोजनाको विषयमा सहभागीले राख्नुभएको जिज्ञासा मेटाउनुभएको थियो ।

एडिबी मिसन टोलीद्वारा बारामा सहकारी संस्थाको परियोजना अनुगमन सम्पन्न

एसियाली विकास बैंक मिसनका टिम लिडर डा. अञ्जन पाण्डे सहितको टोलीले बाराको डुमरवानाले सञ्चालन गरेको परियोजनाको अनुगमन तथा निरीक्षण गरेको छ ।

अनुगमनमा एडिबीका टिम लिडर पाण्डेसहित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. की मुख्य प्रबन्धक ईशा केसी, इलाका कार्यालय हेटौंडाकी प्रबन्धक कृष्णा कुमारी शर्मा लगायतको उपस्थिति थियो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले एडिबीको आर्थिक सहयोगमा नेपाल सरकारमार्फत प्राप्त गरी सञ्चालन गरेको ग्रामीण उद्यम लगानी परियोजनाबाट सामूहिक र एकल उद्यम सञ्चालनका लागि कर्जा प्रवाह गर्दै आएको छ ।

बुटवलमा ग्रामीण उद्यम कर्जा व्यवस्थापन तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्थाको इलाका कार्यालय बुटवलको आयोजना तथा एसियाली विकास बैंक (ADB) को सहयोगमा बुटवलमा ३ दिने ग्रमीण उद्यम कर्जा व्यवस्थापन तालिम सम्पन्न भएको छ।

बुटवल इलाका अन्तर्गतका विभिन्न साना किसान कृषि सहकारीका कर्मचारीलाई ग्रामीण किसानमा उद्यमशीलताको विकास गर्ने र वित्तीय पहुँच पुऱ्याउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो।

तालिम कार्यक्रममा बोल्नुहुँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठकले सहभागीलाई कृषिमा उद्यमशीलताका लागि सीप, पुँजी, प्रविधि र इच्छा शक्तिको खाँचो पर्ने बताउनुभयो। उहाँले उद्यमका लागि पुँजीको कमी नहोस् भनेर सहुलियत दरमा किसानसम्म पुगेको ग्रामीण उद्यम कर्जा अझै व्यपाक बनाउँदै अगाडि बढ्ने बताउनुभयो । किसानहरूको लगानी र आम्दानीको विश्लेषण गरेर किसानलाई नाफा कमाउन सक्ने अवस्थाको विकास गर्नुपर्ने अहिलेको प्रमुख आवश्यकता र चुनौती रहेको

उहाँले बताउनुभयो।

कार्यक्रममा ग्रामीण उद्यम लगानी परियोजनाका परियोजना प्रमुख एवम् साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडाले यो कर्जा को महत्त्वका बारेमा जानकारी दिनुभएको थियो । उहाँले सम्भावना भएको स्थानामा आफूसँग सोच र योजना हुँदा पुंजीका कारण परियोजना सञ्चालन गर्न नसक्ने अवस्थाको अन्त्य गर्न यो कर्जाले सहयोग गरेको बताउनुभयो । डा. सिम्खडाले ग्रामीण क्षेत्रमा पुँजीको सहज र सहुलियत दरमा पहुँच वृद्धि गरि किसानलाई नाफा कमाउने अवस्था सृजना गर्न सके मात्र देशको आर्थिक अवस्था सुधार हुने बताउनुभयो।

यसैगरी तालिममा ग्रामीण कृषि उद्यममा कर्जा प्रवाह गर्दाका बाधा, अवसरहरू, उद्म परियोजनाको व्यावसायिक योजना निर्माण, सो को विश्लेषण, जोखिम पहिचानलगायत विषयमा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का महाप्रबन्धक रुद्र भट्टराईले सहजीकरण गर्नुभएको थियो।

यसैगरी तालिम समापन समारोह रुपन्देही जिल्ला कृषि सहकारी संघका पदाधिकारीहरू, विभिन्न संस्थाका सञ्चालक, कर्मचारी लगायतको उपस्थिति रहेको थियो।

सातवटै प्रदेशका साना किसान प्रतिनिधिहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को संयुक्त आयोजनामा चितवनमा वित्तिय साक्षरता तथा अन्तरसमूह सुदृढीकरण तालिम सम्पन्न भएको छ।

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को तालिम केन्द्र चितवनमा भएको तालिममा देशका पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका ७ प्रदेशका सहकारीको नेतृत्वमा रहनुभएका सञ्चालक, अध्यक्ष, प्रबन्धक, कर्मचारीहरूको उपस्थिति थियो।

प्रशिक्षक प्रशिक्षण तालिममा देशको वर्तमान आर्थिक अवस्था, सहकारीमा देखिएका समस्या, साधानका उपाय र चुनौतीको समाधानका विषयमा सहजीकरण गरिएको थियो।

सहभागीहरूलाई नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. तथा साना किसान विकास बैंकका अध्यक्ष खेमबहादुर पाठकले देशमा देखिएको आर्थिक समस्याले सहकारीलाई पनि प्रभावित पारिरहेको समयमा साना किसान सहकारीहरूले खेल्नुपर्ने भूमिकाका विषयमा प्रशिक्षण दिनुभएको थियो।

साना किसान कृषि सहकारी संस्थाको नेतृत्वमा बसेर नेतृत्वले कस्तो भूमिका खेल्छ भन्नेले सहकारी कसरी अगाडि बढ्छ भन्ने तय गर्ने भन्दै उहाँले आफू सदस्य, सञ्चालक, प्रबन्धक वा कर्मचारी भएको संस्था आफैं राम्रो बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो।

प्रशिक्षक प्रशिक्षण तालिममा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का महाप्रबन्धक रुद्र भट्टराईले सहकारीमा असल शासन र अनुशासन हुनुपर्ने भन्दै सबैले आफ्नो जिम्मेवारी र दायित्वलाई पूरा गर्नुपर्ने बताउनुभयो।

आफ्नो जिम्मेवारी र दायित्वबाट टाढा रहनेहरू सहकारीमा प्रवेश गरे भने

सहकारी विस्तारै कमजोर हुँदै जाने उहाँले धारणा राख्नुभयो ।

वित्तीय साक्षरताले वित्तीय अनुशासन बढाउनका साथै देशको वर्तमान असहज परिस्थितिलाई सहज बनाउन सहयोग पुग्ने उहाँले धारणा राख्नुभयो । यसैगरी तालिममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले सहकारी आफ्नो मूल्य मान्यताबाट प्रेरित भएर चल्नुपर्नेमा जोड दिनुभयो । उहाँले सहकारी सहकारीका रूपमा सञ्चालन हुनुपर्ने भन्दै सञ्चालक, कर्मचारी र सदस्यहरूको तोकिएको जिम्मेवारी र दायित्व हुन्छ त्यसबाट कोही पनि पन्छिन नहुने तर्क गर्नुभयो ।

सहकारी आफैं राम्रो नहुने भन्दै उहाँले सहकारीका सञ्चालक, कर्मचारी र सदस्य राम्रो हुन सके सहकारी त्यसै राम्रो हुने बताउनुभयो ।

देशमा देखिएको कमजोर आर्थिक अवस्थालाई सहकारीले सहज रूपमा लिँदै चनाखो बनेर वर्तमान समस्याको समाधानतर्फ लाग्नुपर्ने उहाँले धारणा राख्नुभयो । समस्य केही देखिए पनि यसले भयवह स्थिति नआउने डा. कोइरालाको धारणा थियो ।

तालिममा देशको वर्तमान आर्थिक अवस्था, सहकारीले खेल्नसक्ने भूमिका र समाधानका उपायहरूका बारेमा छलफल भएको थियो ।

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का सञ्चालक, कर्मचारी, विभिन्न साना किसान कृषि सहकारी संस्थाका सञ्चालक, कर्मचारी, लघुवित्तका इलाका प्रवन्धक लगायतको सहभागितामा तालिम सम्पन्न भएको थियो । तालिमपश्चात् अहिले प्रशिक्षक प्रशिक्षण तालिममा सहभागीहरूले देशको आर्थिक अवस्था, चुनौती र अवसरका बारेमा साना किसान कृषि सहकारी संस्थाहरूमा प्रशिक्षण कक्षा सञ्चालन गरिरहनु भएको छ । संस्थागत दिगो विकास र आर्थिक अनुशासनका लागि प्रशिक्षणले सहयोग पुगेको सहभागीहरूले बताउनुभयो ।

मधेश प्रदेशका विभिन्न कृषि परियोजनाको अनुगमन सम्पन्न

साना किसान विकास बैंकले सञ्चालन गरेको ग्रामीण उद्यम लगानी परियोजनामार्फत कर्जा लिएर सञ्चालन भइरहेका मधेश प्रदेशका कृषि

उद्यमहरूको अनुगमन गरिएको छ।

एसियाली विकास बैंकका मिसन टिम लिडर डा. अन्जन पाण्डेसहित साना किसान विकास लघुवित्त वित्तीय संस्थाको उच्च व्यवस्थापनले परियोजनाहरूको अनुगमन गरेको हो।

अनुगमनमा लघुवित्त वित्तीय संस्थाबाट नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडा, मुख्य प्रबन्धक ईशा केसी, इलाका कार्यालय बर्दिवास इलाकाका इलाका प्रबन्धक लगायतको उपस्थिति थियो।

ग्रामीण उद्यम लगानी परियोजनामार्फत कर्जा लिएर उद्यम गरिरहेकाहरूसँगको भेटमा उद्यमको अवस्था, अझै प्रभावकारी बनाउन सकिने उपाय र उत्पादित वस्तुको बजारीकरण लगायतका विषयमा छलफल गरिएको थियो।

रघुनाथपुर, दिगम्बरपुर, जब्दी, हरिपुर, शंकरपुर लगायतका संस्थामार्फत ग्रामीण उद्यम लगानी परियोजनाको कर्जा लिएर व्यवसाय सञ्चालन भईरहेका स्थानमा अनुगमन गरिएको थियो।

सीप परियोजनाअन्तर्गत वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा बुटवलमा वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ।

इलाका कार्यालय बुटवलअन्तर्गत रहेका साना किसान कृषि सहकारी संस्थाका सञ्चालक, कर्मचारी, सदस्यहरूका लागि आयोजना गरेको तालिममा ५० भन्दा बढीको सहभागिता थियो।

सीप परियोजना युकेएडको सहयोगमा भएको तालिममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का मुख्य प्रबन्धक शिवहरि अर्याल, सीप परियोजनाका कार्यक्रम संयोजक कृष्ण अर्याल, इलाका कार्यालय बुटवलका प्रवन्धक गणेश प्रसाद भट्टराई लगायतको सहभागिता थियो।

तलिममा साना किसान कृषि सहकारी

संस्थाहरूको संस्थागत दिगो विकास, आर्थिक सुशासन र पारदर्शीताले दिने सकारात्मक परिणामका बारेमा सहजिकरण गरिएको थियो। अहिले साना किसानहरूले गरिरहेको संस्थागत पुंजी परिचालनको कामलाई अझै व्यापक बनाउँदै जानुपर्नेमा सहजकर्ताहरूले जोड दिनुभयो । ग्रामीण क्षेत्रको अर्थतन्त्र चलायमान बनाउन र गरिब किसानहरूको आर्थिक अवस्था सुधार गर्न साना किसानहरूले प्रभावकारी भूमिका खेलेको भन्दै सहभागीहरूले वित्तीय साक्षरताले आफूहरूलाई पुंजी परिचालन, बचत र खर्चको व्यवस्थापन गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो।

वित्तीय साक्षरता तथा अन्तरसमूह सुदृढीकरण तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बिर्तामोडको आयोजनामा लखनपुर साना किसान कृषि सहकारी संस्थाको समन्वयमा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ।

तालिममा विभिन्न १८ वटा संस्थाका अध्यक्ष, पदाधिकारी, सञ्चालक, प्रबन्धक, कर्मचारी र सदस्यहरू गरी ७२ जनाको सहभागिता रहेको थियो। लघुवित्तको बिर्तामोड इलाकाअन्तर्गत रहेका साना किसान कृषि सहकारी संस्थाहरूको दिगो विकास, सबलीकरण र वित्तीय अनुशासनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको संस्थाले जनाएको छ।

सहकारी संस्थाको दिगोपनका लागि सहकारीका सदस्य, सञ्चालक र कर्मचारी सबै सचेत हुनुपर्ने भन्दै सहजकर्ताहरूले तालिममा वित्तीय सुशासन र अनुशासनका विषयमा

प्रष्ट पार्नुभएको थियो। सहभागीहरूले आफूहरूले तालिमबाट धेरै कुरा जानकारी पाएको प्रतिक्रिया दिनुभयो। एकजना सहभागीले प्रतिक्रिया दिँदै भन्नुभयो, साना किसान कृषि सहकारीलाई अझै प्रभावकारी बनाउन वित्त परिचालन, व्यवस्थापन र संकलन लगायतका विषयलाई गहिरो ढंगबाट बुझ्ने अवसर पाइयो तालिम अत्यन्तै फलदायी भयो।

वित्तीय साक्षरता तथा अन्तरसमूह सुदृढीकरण तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. हेटौंडा इलाकाको आयोजनामा बारा, पर्सा, रौतहट, मकवानपुर र चितवन जिल्लाका साना किसान कृषि सहकारी संस्थाहरूका लागि वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ।

विभिन्न संस्थाका अध्यक्ष, पदाधिकारी, सञ्चालक, प्रवन्धक, कर्मचारी र सदस्यहरूको सहभागिता रहेको तालिममा विषय विज्ञहरूले सहजीकरण गर्नुभएको थियो। सहजकर्ताहरूले संस्थाको दिगो विकास र सदस्यहरूको जीवन रूपान्तरणका लागि वित्तीय जानकारी अपरिहार्य रहेको बताउनुभयो।

लघुवित्तको हेटौंडा इलाकाअन्तर्गत रहेका साना किसान कृषि सहकारी संस्थाहरूको दिगो विकास, सबलीकरण र वित्तीय अनुशासनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो। सहकारी संस्थाको दिगोपनका लागि सहकारीका सदस्य, सञ्चालक र कर्मचारी सबै सचेत हुनुपर्ने भन्दै प्रशिक्षकले तालिममा वित्तीय सुशासन र अनुशासनका विषयमा प्रष्ट पार्नुभएको थियो। सहभागीहरूले आफूहरूले तालिमबाट धेरै कुरा जानकारी पाएको प्रतिक्रिया दिनुभयो। एकजना सहभागीले प्रतिक्रिया दिँदै भन्नुभयो, साना किसान कृषि सहकारीलाई अझै प्रभावकारी बनाउन वित्त परिचालन, व्यवस्थापन र संकलन लगायतका विषयलाई गहिरो ढंगबाट बुझ्ने अवसर पाईयो तालिम अत्यन्तै फलदायी भयो।

हेटौँडामा अर्धवार्षिक समीक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. हेटौँडा इलाकाको आयोजनामा २५ वटा संस्थाहरूको अर्धवार्षिक समीक्षा तथा वित्तीय साक्षरता तालिम सम्पन्न भएको छ। तालिममा चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट लगायतका जिल्लाका २५ वटा सहकारी संस्थाका अध्यक्ष, प्रबन्धक गरी ५० जनाको सहभागिता थियो।

तालिममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का मुख्य प्रबन्धक लीलाधर धितालले प्रभावकारी ऋण लगानी, प्रभावकारी ऋण साँवा असुली, तरलता व्यवस्थापन र उद्यमशीलताको विकासमा आगामी रणनीति लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो। यसैगरी, तालिममा इलाका कार्यालय हेटौँडाकी प्रबन्धक कृष्णा कुमारी शर्मा, इलाका कार्यालयका कर्मचारी, सहकारी क्षेत्रका अभियन्ता, सञ्चालक, कर्मचारी, सदस्यहरूको सहभागिता रहेको थियो।

सहभागीहरूले आफूहरूले तालिमबाट धेरै कुरा जानकारी पाएको प्रतिक्रिया दिनुभयो। एकजना सहभागीले प्रतिक्रिया दिँदै भन्नुभयो, साना किसान कृषि सहकारीलाई अझै प्रभावकारी बनाउन वित्त परिचालन, व्यवस्थापन र संकलन लगायतका विषयलाई गहिरो ढंगबाट बुझ्ने अवसर पाइयो तालिम अत्यन्तै फलदायी भयो।

अर्धवार्षिक समीक्षा कार्यक्रममा विभिन्न सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूले आफ्नो अर्धवार्षिक प्रगतिका बारेमा जानकारी गराउनुभएको थियो। उहाँहरूले वर्तमान विश्व अर्थतन्त्रको जटिल अवस्थाबाट आफूहरू पनि प्रभावित बनेको भन्दै विगतको जस्तो सन्तोषजनक उपलब्धि हासिल गर्न नसकेको बताउनुभयो। सहकारी क्षेत्रमा अन्य क्षेत्रमा जस्तो समस्या नरहे पनि केही खराब कर्जाको अनुपात बढेको प्रति सञ्चालक तथा प्रबन्धकहरूले चिन्ता जाहेर गर्नुभएको थियो।

साना किसान कृषि सहकारीका सदस्यहरू आयआर्जन र उत्पादनसँग सम्बन्धित कार्यमा लागिरहेको जानकारी गराउँदै उहाँहरूले आगामी दिनमा किसानको उत्पादको बजारीकरण गर्ने सहज परिपाटी विकास गर्न सके सहकारीमा आर्थिक मन्दीको कुनै असर नपर्ने तर्क गर्नुभयो।

ग्रामीण उद्यम कर्जा व्यवस्थापनसम्बन्धी ३ दिने तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. इलाका कार्यालय नेपालगञ्ज बाँकेको आयोजनामा ग्रामीण उद्यम कर्जासम्बन्धी ३ दिने तालिम सम्पन्न भएको छ।

एसियाली विकास बैंक (ADB)को सहयोगमा ३ दिने ग्रामीण उद्यम कर्जा व्यवस्थापन तालिम इलाका प्रबन्धक शेरबहादुर चौधरीको सभाध्यक्षता, केन्द्रीय कार्यालयका मुख्य प्रबन्धक लीलाधर धितालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

३ दिने Rural Enterprise Credit Management Training मा इलाका कार्यालय सुर्खेतका इलाका प्रबन्धक हरिप्रसाद न्यौपाने र इलाका कार्यालय नेपालगञ्जका वरिष्ठ अधिकृत रामजनक चौधरीले सहजीकरण गर्नुभएको थियो। तालिममा साझेदार साना किसान कृषि सहकारी संस्था लि.का प्रबन्धक, सहायक प्रबन्धक तथा सहायक कर्मचारी २७ जनाको सहभागिता थियो।

उक्त तालिममा Group Discussion, workout, slide presentation, questioning, case solution, finding remarks, presentation of participant & Gaming

लगायतको कार्यहरू गरी तालिमलाई प्रयोगात्मक बनाइएको थियो। उक्त तालिममा व्यवसायको योजना निर्माण, मान्यताहरूबारे विस्तृत छलफल गरी Capital requirement, Profit & Loss, Cash Flow Balance Sheet & Key Financial Ratio को बारेमा तालिम प्रदान गरिएको थियो।

साना किसानको समृद्धि, कृषिको रूपान्तरण र उद्यमशीलता विकास अभियानलाई सार्थक बनाउन मद्दत पुऱ्याउन यस तालिमले सहयोग पुग्ने सहभागीहरूले बताउनुभएको छ। हाल नेपालको बैंकिङ, वित्तीय तथा सहकारी क्षेत्रमा देखिएको तरलता अभावलाई चिर्न निरन्तर लागिरहने उत्साहका साथ सहभागीबाट हरेक साझेदार संस्थाको लक्ष्य निर्धारण गरी प्रतिबद्धतासमेत संकलन गरिएको थियो।

The agreement has been made by duly signing the MoU for the Replication Program on 29th chaitra, 2079 between the Small Farmer Development Microfinance Financial Institution and Nepal Agricultural Cooperative Centra

कार्यसम्पादन सल्लाहकार समूहका पदाधिकारीहरूको तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. इलाका कार्यालय बर्दिवासले जिल्लास्तरीय कार्यसम्पादन सल्लाहकार समूह र संस्थाका कार्यसम्पादन सल्लाहकार समूहका फोकल पर्सनहरूका लागि २ दिने वित्तीय साक्षरता तथा अन्तरसमूह सुदृढीकरण पुनर्ताजगी तालिम सम्पन्न गरेको छ ।

सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी र उदयपुरका २४ जनाको सहभागितामा उक्त तालिम सम्पन्न गरिएको हो । सहकारी संस्था सञ्चालन, व्यवस्थापन, वित्तीय सुशासन लगायतका विषयमा तालिममा सहजीकरण गरिएको थियो । सहकारी संस्थाको दिगोपनका लागि सहकारीका सदस्य, सञ्चालक र कर्मचारी सबै सचेत हुनुपर्ने भन्दै सहजकर्ताहरूले तालिममा वित्तीय सुशासन र अनुशासनका

विषयमा प्रष्ट पार्नुभएको थियो ।

सहभागीहरूले आफूहरूले तालिमबाट धेरै कुरा जानकारी पाएको प्रतिक्रिया दिनुभयो । एकजना सहभागीले प्रतिक्रिया दिँदै भन्नुभयो, साना किसान कृषि सहकारीलाई अझै प्रभावकारी बनाउन वित्त परिचालन, व्यवस्थापन र संकलन लगायतका विषयलाई गहिरो ढंगबाट बुझ्ने अवसर पाइयो तालिम अत्यन्तै फलदायी भयो ।

स्वच्छ भान्छासम्बन्धी एकदिने क्षेत्रीय कार्यशाला गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजना र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमको सहगोगमा बुटवलमा एकदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. इलाका कार्यालय बुटवल अन्तर्गतका विभिन्न संस्थाहरूमा कार्यान्वयन भइरहेको यो कार्यक्रमको समीक्षा, हासिल भएका उपलब्धि, चुनौती र सम्भावनाका बारेमा छलफल भएको थियो।

ऊर्जाको उपयोगका लागि नेपालमा अहिले पनि परम्परागत रूपमा दाउरा, गुइँठा, भुस लगायतका सामग्रीहरूको बढी प्रयोग हुँदै आएको छ। मानव स्वास्थ्यामा नकारात्मक असर गरिरहेका परम्परागत ऊर्जाको स्रोतलाई व्यवस्थित गर्नुपर्ने सहभागीहरूले बताउनुभयो। उहाँहरूले अथाह सम्भावना भएको र विश्वको अबको बाटो पनि यही भएका कारण प्रत्येक घरमा वैकल्पिक र नविकरणीय उर्जाको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।

वित्तीय साक्षरता तथा व्यावसायिक योजना तर्जुमा गोष्ठी सम्पन्न

उपकार साना किसान कृषि सहकारी संस्था लि. को आयोजनामा बेनीघाट रोराङ ३ मलेखु धादिङमा वित्तीय साक्षरता तथा व्यवसायिक योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ।

संस्थाका सञ्चालक, कर्मचारी र सदस्यहरूको सहभागितामा भएको कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले सहजिकरण गर्नुभएको थियो। संस्थाको संस्थागत दिगो विकास, सुशासन र व्यावसायिक अभ्यासका लागि वित्तीय जानकारी आवश्यक रहेको भट्टराईले बताउनुभयो। उहाँले सदस्यहरूबाटै सुशासनको सुरुवात हुने भन्दै वित्त व्यवस्थापन सबैका लागि उत्तीकै महत्त्वपूर्ण रहेको बताउनुभयो। संस्थामा मात्र नभई आफ्नो व्यक्तिगत जीवन व्यवस्थापनमा समेत वित्तीय ज्ञानले सहयोग पुग्ने बताउनुभयो। संस्थालाई निरन्तर सकारात्मक बाटोमा अगाडि बढाउन व्यवसायिक योजना महत्त्वपूर्ण हुने बताउनुभयो।

व्यवसायिक योजनाले संस्थालाई जीवन्त राख्न र व्यवसाय विस्तारका लागि नविन अभ्यासहरूका लागि समेत सहयोग पुग्ने भट्टराईले बताउनुभयो।

वित्तीय विश्लेषणबारे काठमाडौंमा तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले वित्तीय विश्लेषणबारे तालिम सम्पन्न गरेको छ।

साना किसान कृषि सहकारी संस्थाका कर्मचारीहरूका लागि आयोजना गरिएको तालिममा संस्थाको वित्तीय अवस्थाको पहिचान, परिक्षण र विश्लेषण कसरी गर्न सकिन्छ भन्ने बारेमा प्रशिक्षण गरिएको थियो।

संस्थाको वित्तीय विश्लेषण प्रभावकारी रूपमा गर्न नसक्दा संस्थाको अवस्था पहिचान गर्न नसकिएको भन्दै लघुवित्तले आफ्ना साझेदार संस्थाका प्रबन्धक एवं कर्मचारीहरूका लागि यो तालिमको आयोजना गरेको हो। तालिममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला, नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडा, मुख्य प्रबन्धक लिलाधर धिताल लगायतले सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा विभिन्न साना किसान कृषि सहकारी संस्था लि.का करिव ५० जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

कार्यसम्पादन सल्लाहकार समूहका पदाधिकारीहरूको तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. इलाका कार्यालय बुटवलले जिल्लास्तरीय कार्यसम्पादन सल्लाहकार समूह र संस्थाका कार्यसम्पादन सल्लाहकार समूहका फोकल पर्सनहरूका लागि २ दिने वित्तीय साक्षरता तथा अन्तरसमूह सुदृढीकरण पुनर्ताजगी तालिम सम्पन्न गरेको छ।

बुटवल इलाका अन्तर्गतका साना किसान कृषि सहकारी संस्थाका सल्लाहकार समूहका पदाधिकारी र पिएजी फोकल पर्सनहरूको सहभागितामा उक्त तालिम सम्पन्न गरिएको हो। तालिममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले सहजीकरण गर्नुभएको थियो। भट्टराईले संस्थाको संस्थागत विकास र सुशासनका लागि सल्लाहकार समूहको महत्त्वपूर्ण भूमिका रहने भन्दै यसतर्फ सबैले ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। हरेक कुरा एकबाट नै सुरु हुने भएका कारण प्रत्येक व्यक्तिले सकारात्मक रूपान्तरणका लागि आफैंबाट सुरु गर्नुपर्नेमा जोड दिनुभयो। सहकारी संस्थाको दिगोपनका लागि सहकारीका सदस्य, सञ्चालक र कर्मचारी सबै सचेत हुनुपर्ने भन्दै भट्टराईले तालिममा वित्तीय सुशासन र अनुशासनका विषयमा प्रष्ट पार्नुभएको थियो।

यसैगरी, तालिममा इलाका कार्यालय बुटवलका प्रबन्धक, संस्थाका सञ्चालक, प्रबन्धक, कर्मचारी र सदस्यहरूको सहभागिता थियो।

नेपाल कृषि सहकारी केन्द्रीय संघ FAO अवार्ड जित्न सफल नेपालका किसान र कृषि क्षेत्रका लागि ऐतिहासिक सफलता

नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.ले संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन FAO अवार्ड २०२३ प्राप्त गर्न सफल भएको छ ।

एफएओ UN ले नेपाल कृषि सहकारी केन्द्रीय संघलाई विश्वभरका आफ्ना साझेदार संस्थाहरू मध्ये सर्वोत्कृष्ट साझेदार संस्थाका रूपमा अवार्ड प्रदान गरेको हो । एफएओले प्रदान गर्ने यो अवार्ड नेपालले पहिलो पटक प्राप्त गरेको हो । एफएओको मुख्य कार्यालय इटालीको रोममा अप्रिल २४, २०२३ (वैशाख ११) मा आयोजना गरिएको एक विशेष समारोहका बीच संघलाई उक्त अवार्ड प्रदान गरिएको थियो । FAO का महानिर्देशक QU Dongyu द्वारा प्रदान गरिएको सो अवार्ड संघका अध्यक्ष खेमबहादुर पाठक र महाप्रवन्धक रुद्र भट्टराईले ग्रहण गर्नुभएको थियो ।

विश्वभरबाट छनौट भएको यस संस्थालाई नगदसहित अवार्ड प्रदान गरिएको एफएओ युएनले जनाएको छ । नेपालमा सदस्य सहकारी संघ, संस्थाहरूको क्षमता विकास, सुशासन र दिगो विकासमा सहयोग पुऱ्याएबापत संघलाई यो अवार्ड प्राप्त भएकोमा सहयोगी सम्पूर्ण संघ संस्थाहरूमा केन्द्रीय संघले आभार प्रकट गरेको छ ।

नेपालका ७७ जिल्लामा सञ्जाल रहेको केन्द्रीय संघमा १२ सय १५ वटा संस्थाहरू आबद्ध रहेका छन् । करिब ११ लाख घरपरिवारका ५० लाखभन्दा बढीको बीचमा सेवा पुऱ्याइरहेको नेपाल कृषि सहकारी केन्द्रीय संघले सदस्य संस्थाहरूको क्षमता विकास, संस्थागत दिगो विकास, सुशासन, सचेतना लगायतका क्षेत्रमा बहस पैरवी गर्दै आइरहेको छ ।

एफएओमा १ सय ९४ देश र युरोपेली संघसहित १ सय ९७ सदस्यहरू राष्ट्रहरू रहेका छन् । इटलीको रोममा मुख्य कार्यालय रहेको खाद्य तथा कृषि संगठनका विश्वका १ सय ३० भन्दा बढी देशहरूमा क्षेत्रीय कार्यालयहरू छन् । यसले सरकार र विकास एजेन्सीहरूलाई कृषि, वन, मत्स्यपालन, भूमि र जलस्रोतहरूको सुधार र विकास गर्नका लागि तिनीहरूको गतिविधिहरू समन्वय गर्न मद्दत गर्दछ । एफएओले कृषि तथा खाद्यसम्बन्धी अनुसन्धान, र परियोजनाहरूमा प्राविधिक सहयोगसमेत प्रदान गर्दछ ।

यस अवसरमा साना किसान विकास लघुवीत्त वीत्तीय संस्था लि.ले केन्द्रीय संघलाई हार्दिक बधाईसहित आगामी दिनमा नेपालको साना किसान आन्दोलनलाई थप उचाईमा पुऱ्याउन सफल होस् भन्ने शुभकामना व्यक्त गरेकोछ ।

साना किसान लघुवित्त वित्तीय संस्थाका साझेदार सहकारीका सदस्य किसानहरूले सञ्चालन गरेको विभिन्न व्यवसायको झलक



ग्रामीण विपन्न तथा साना किसानको वित्तीय पहुँचमा रू. ९१ अर्ब कर्जाको योगदान



संस्थामा आबद्ध घरपरिवार सङ्ख्या जम्मा ११ लाख भन्दा बढी



साझेदार सहकारी संस्था जम्मा १ हजार ३ सय ४३



साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बबरमहल, काठमाडौँ, नेपाल
फोन नं.: ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५
Email: info@skbbl.com.np

Print: Sky Press, Kathmandu #9851138005